जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १४, २०७९ साल भदौ १० गते शुक्रबार, नेपाल संवत् ११४२ (Aug. 26, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भारतीय सेनाप्रमुख नेपाल आउँदै

भारतीय सेनाप्रमुख मनोज पाण्डे नेपालको औपचारिक भ्रमणमा आउने भएका छन्। प्रधानसेनापति प्रभुराम शर्माको निमन्त्रणामा उनी १९ देखि २३ भदौमा नेपाल आउने भएका हुन्। पाण्डेको पाँचदिने भ्रमण तय भएको सैनिक प्रवक्ता सहायकरथी नारायण सिलवालले जानकारी दिए।

पाण्डेले राष्ट्रपति विद्यादेवी भण्डारीबाट नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न लगाउने कार्यक्रम छ। त्यसबाहेक उनले प्रधानसेनापति शर्मासँग द्विपक्षीय वार्ता गर्नेछन्। राष्ट्रपति भण्डारी र प्रम शेरबहादुर देउवासँग पनि उनको शिष्टाचार भेट हुनेछ।

## कोलम्बियामा वामपन्थी राष्ट्रपति

काठमाडौं। दुई सय १२ वर्षयताको कालखण्डको इतिहासमा कोलम्बियामा पहिलो पटक वामपन्थी राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित भएका छन्। दोस्रो चरणसम्म गएर प्रतिस्पर्धी १९ जुन २०२२ आइतबारका दिन वामपन्थी गठबन्धनका उम्मेदवार गुस्ताभ पेट्रोबाट पराजित हुन पुगे। पेट्रोले ५० प्रतिशतभन्दा बढी मत पाए भने दक्षिणपन्थी प्रत्यासी भने ४७ प्रतिशतमै रोकिन पुगे। ६० वर्षीय गुस्तामो फ्रान्सिस्को उर्रेगोले अगस्ट ७ मा पदको बाँकी ८ पेजमा

# नागरिकता विधेयक : राष्ट्रपति-सरकार टकराव

काठमाडौं। बहुचर्चित राष्ट्रघाती नागरिकता विधेयकलाई लिएर शितलनिवास र बालुवाटारबीचको टकराव क्लाइमेक्समा पुगेको छ। अंगीकृत नागरिकका सन्तानलाई नागरिकता दिने गरी बनेको नागरिकता संशोधन विधेयक संसदका दुवै सदनले पारित गरेर प्रमाणीकरणका लागि पठाएको १५ औं दिन साउन २९ मा राष्ट्रपति विद्यादेवी भण्डारीले १५ बुँदासहित परिमार्जन गर्न साउन २९ मा प्रतिनिधिसभामा फिर्ता पठाएकी थिइन्। संसदबाट पारित भइसकेपछि उक्त विधेयकलाई सभामुख अग्नि सापकोटाले साउनमा राष्ट्रपति 'कहाँ पठाएका थिए' राष्ट्रपतिले फिर्ता पठाएको विधेयक प्रतिनिधिसभाले भदौ २ मा हुबहु पारित गरी राष्ट्रिय सभमामा पठाइसकेको छ।

राष्ट्रिय सभाले पनि प्रतिनिधिसभाले जस्तै हुबहु पारित गरेर सो विधेयक प्रतिनिधिसभामा आउनेछ र सभामुखले प्रमाणीकरणका लागि शितलनिवास पठाउनेछन्। त्यसरी आएको विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नैपर्ने संवैधानिक प्रावधान छ। नेपालको संविधानले राष्ट्रपतिलाई मुलुक र संविधानको रक्षक मानेको छ। मुलुक ठूलो कि संविधानका अक्षरहरूको पालना ठूलो भन्ने विषयमा राष्ट्रपतिले मुलुकलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ। यदि यो देशघाती विधेयकलाई राष्ट्रपतिले संविधानका अक्षरहरूको पालनाका नाममा प्रमाणीकरण गरेमा निकट भविष्यमा नेपाल देशको अस्तित्व नै संकटमा पर्ने देखिन्छ। राष्ट्रपति मुलुकको अभिभावकीय भूमिकामा रहेकाले आम जनताको भावनाको कदर गर्नु उनको दायित्व हुन्छ। देउवा, प्रचण्ड, माधव नेपाल जस्ता नेपाली लेण्डुप दोर्जेहरूले नागरिकता विधेयक कार्यान्वयनमा ल्याएर देशलाई फिजीकरणको बाटो खोलिदिने जुन अक्षम्य अपराध गर्ने धृष्टता गरिरहेका छन्, त्यसलाई राष्ट्रपतिले जसरी पनि नाकाम पार्न सक्नुपर्छ। यिनीहरूले नागरिकता विधेयक जस्ताको तस्तै संसदबाट पुनः पारित गरेर राष्ट्रपति पदकै मानमर्दन गरेका छन्। अनि बजारु हल्ला फैलाएका छन्, अब राष्ट्रपतिबाट राजीनामा आउँछ।'





राष्ट्रपति राजीनामाको मनस्थितिमा।'

तर शितलनिवास स्रोत राष्ट्रपतिले राजीनामा दिने कुरा प्रपोगन्डा मात्र भएको बताउँछ। बरु राष्ट्रपतिले अब कस्तो कदम चाल्ने भन्ने विषयमा गम्भीरताका साथ कानुनविद, बुद्धिजीवी, नागरिक समाज, पूर्व र बहालवाला सैन्य अधिकारीहरूसँग घनीभूत छलफल गरिरहेको स्रोतको खबर छ। नभन्दै अस्ति मात्र राष्ट्रपतिले नेपाली सेनाका झन्डै ८० जना बहालवाला र पूर्व उच्च सैनिक अधिकारीहरूसँग रात्रिभोज सहितको छलफल गरेकी छन्। छलफलको विस्तृत विवरण सार्वजनिक भइसकेको छैन। यद्यपि सैनिक अधिकारीहरूले देशघाती नागरिकता विधेयक फिर्ता गरिदिएकोमा राष्ट्रपतिलाई धन्यवाद दिएको समाचार बाहिर आएको छ। राष्ट्रपति नेपाली सेनाको परमाधिपति पति हुन्। नागरिकता विधेयकमा राष्ट्रपति भण्डारीले राजनीतिक वृत्तमा अर्थपूर्ण रुपमा हेरिएको छ।

यदि राष्ट्रपतिले राजीनामा दिए पूर्व माओवादी गुरिल्ला नन्दबहादुर पुन (उपराष्ट्रपति) ले राष्ट्रपतिको कार्यभार सम्हाल्न पाउने छन्। राष्ट्रपति उपराष्ट्रपतिको कार्यकाल अब केवल ५ महिना मात्र बाँकी छ। कार्यकालको अन्तिममा राष्ट्रपतिले राजीनामा दिने छिन् भनेर विश्वास गर्न सकिँदैन। यदि उनले राजीनामा दिए देशघाती नागरिकता विधेयकलाई नन्दबहादुर पुनले प्रमाणीकरण सहजै गरिदिनेछन्। विधेयक ल्याउने प्रमुख पात्र माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड हुन्। पुन प्रचण्डका आज्ञाकारी चेला हुन्। राष्ट्रपतिले राजीनामा दिनु भनेको विधेयक प्रमाणीकरण गर्न अप्रत्यक्ष तवरले सहयोग गर्नु हुनेछ। राष्ट्रपतिले विधेयकलाई आवश्यक सुझावका लागि सर्वोच्च अदालत पठाउन पनि सक्छिन्। यदि त्यसो गरिए सर्वोच्च रायअनुसार राष्ट्रपति चल्नेछिन्।

राष्ट्रपतिसँग १५ दिनसम्म विधेयक पुनः होल्ड गर्दै कानुनी परामर्श लिने, सर्वोच्च पठाउने, संकटकाल लगाउने, विधेयक प्रमाणीकरण नै नगर्ने जस्ता विकल्पहरू छन्। संविधानअनुसार विधेयक प्रमाणीकरण नभई कार्यान्वयनमा आउन सक्दैन। राष्ट्रको अस्तित्वसँग नागरिकता विधेयक जोडिएकाले मुलुकको रक्षार्थ राष्ट्रपतिले संकटकाल घोषणा गर्न सक्नेतर्फ पनि राजनीतिक विश्लेषकहरूले औंल्याइरहेका छन्। बहालवाला र पूर्व सैन्य अधिकारीहरूसँगको राष्ट्रपतिको छलफललाई त्यसकै पूर्व तयारीका रुपमा बुझ्न सकिने उनीहरूको तर्क छ। विधेयक अहिले राष्ट्रिय सभामा छ। तर राष्ट्रिय सभाले अस्वीकृत गरे वा संशोधनसहित फिर्ता पठाए प्रतिनिधिसभाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले निर्णय गरेर राष्ट्रपतिलाई प्रमाणीकरणका लागि पठाउन सक्नेछ। यसरी दुवै सदनले पारित गरेर पठाएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने प्रावधान संविधानको धारा ११३ (४) मा छ।

राष्ट्रियसभाको आगामी बैठक भदौ १२ का लागि डाकिएको छ। राष्ट्रियसभाले छलफलको बाँकी ८ पेजमा

## "अग्निपथ" योजनामा नेपालको विमति

काठमाडौं। नेपालले भारतीय सेनामा नेपाली युवा भर्ना नगर्न भारतलाई आग्रह गरेको छ। भारतले गत असारको पहिलो साता अघि सारेको 'अग्निपथ' योजना स्पष्ट नभएको भन्दै यस्तो आग्रह गरेको हो। परराष्ट्रमन्त्री डा.नारायण खड्काले बुधबार नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवलाई मन्त्रालयमा बोलाएर नयाँ योजनाअन्तर्गत नेपाली युवालाई भर्ना गर्ने योजना स्थगित गर्न आग्रह गरेका हुन्।

भारतले अग्निपथ योजना अर्न्तगत साढे १७ वर्षदेखि २३ वर्षसम्मका युवाहरूलाई लक्षित गरेको छ। ती युवाहरू चार वर्षका लागि मात्र भर्ती हुने योजना बनाइएको छ। भारतले आफ्ना जल,वायु र स्थल सेनामा ती युवाहरूलाई भर्ना गर्ने योजना बनाएको हो। अग्निपथ योजना अन्तर्गत भारतले अगस्ट २५ देखि बुटवल र सेप्टेम्बर १ देखि धरानमा नेपाली युवा भर्ती गर्ने योजना बनाएको छ। भारतीय सेना प्रमुख मनोज पाण्डेको नेपाल भ्रमणको पूर्व सन्ध्यामा अग्निपथ योजनामा बाँकी ८ पेजमा

## अनधिकृत संरचना भत्काउँदै मेयर बालेन

काठमाडौं। काठमाडौं महानगरले अनधिकृत रूपमा बनेका संरचना हटाउने अभियानलाई दोस्रो दिन बुधबार पनि निरन्तरता दिएको छ। मंगलबार नयाँबानेश्वर क्षेत्रका भवनको 'अन्डरग्राउन्ड पार्किङ'का पसल हटाएको महानगरले बुधबार काठमाडौं मल र न्युरोडको आरबी कम्प्लेक्सअगाडिको अनधिकृत संरचना हटाएको छ। ती संरचनामा महानगर प्रहरी र नेपाल प्रहरीसहित महानगरका मेयर बालेन्द्र साहको उपस्थितिमा डोजर लगाइएको हो। कर्मचारी सञ्चय कोषको स्वामित्वमा रहेको काठमाडौं मलका सटर भाडामा लिएकाहरूले नक्साविपरीत अनधिकृत रूपमा संरचना बनाएर उपयोग गरिरहेको गुनासोसमेत महानगरमा आएको थियो।

खिचापोखरीस्थित आरबी कम्प्लेक्सको 'अन्डरग्राउन्ड पार्किङ' व्यापारिक प्रयोजनमा लगाएको जानकारीपछि महानगरको टोली पुगेको थियो। टोलीले त्यहाँको संरचना पनि भत्काएको छ। त्यसलगत्तै दलबलसहित दरबारमार्ग पुगेका बाँकी ८ पेजमा

## संक्रमणकालीन ऐनमा पश्चिमाको चासो

काठमाडौं। संक्रमणकालीन न्यायसम्बन्धी ऐनलाई लिएर पश्चिमा देशका राजदूतहरूले एमाले अध्यक्ष केपी ओलीलाई भेट गरेका छन्। नेपालका लागि अमेरिका, बेलायतका राजदूतहरू तथा अष्ट्रेलिया, स्वीट्जरल्याण्ड र युरोपेली संघका निमित्त राजदूतहरूले बुधबार पार्टी कार्यालय च्यासलमा सामूहिक भेट गरेका हुन्।

सो अवसरमा एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, उपमहासचिव विष्णु रिमाल र परराष्ट्र मामिला विभाग सचिव डा। अञ्जान शाक्य सहभागी हुनुहुन्थ्यो। पश्चिमा देशका राजदूतहरूले नेपाल सरकारले संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न लागेको र त्यसमा प्रमुख विपक्षी दल एमालेको भूमिकाका विषयमा जिज्ञासा राखेका थिए। संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दा त्यसमा अन्तर्राष्ट्रिय स्तर र मान्यतामा ध्यान पुर्याउनुपर्छ भन्ने उनीहरूको चासो बाँकी ८ पेजमा

## ऋण बढ्दो, अनुदान घट्दो

नेपालले अन्तर्राष्ट्रिय विकास साझेदारबाट पाउने सहयोगमा ऋणको मात्रा बढ्दै जाँदा अनुदान भने घट्दो छ। अर्थ मन्त्रालयले सार्वजनिक गर्ने 'विकास साझेदार प्रतिवेदन (डिसिआर)'ले दातृ निकाय तथा देशले नेपाललाई दिने ऋणको मात्रा बढाउँदै लगेको, तर अनुदान भने घटाएको देखाएको हो। दश वर्षअघिको तुलनामा ऋण सहायता झन्डै दश गुणासम्मले बढेको र अनुदान ३७.५ प्रतिशतले घटेको देखिएको छ। सन् २०१२/१३ मा नेपालले ५८ करोड ३० लाख अमेरिकी डलरबराबर अनुदान सहायता प्राप्त गरेको थियो। तर, गत आर्थिक वर्ष सन् २०२०/२१ मा नेपालले प्राप्त गरेको अनुदान सहायता घटेर ३६ करोड २० लाख अमेरिकी डलरमा सीमित भएको छ।

आर्थिक वर्ष सन् २०१२/१३ मा नेपालले ११ करोड ८० लाख अमेरिकी डलरबराबर ऋण सहायता प्राप्त गरेको थियो। तर, गत आर्थिक वर्ष सन् बाँकी ८ पेजमा

## बूढानीलकण्ठ नगरपालिकाबाट सिक्ने कि ?

**पूर्ण ओली**

कपन बहुमुखी सामुदायिक क्याम्पसमा भएको कम्युनिटी हेल्थ एण्ड सेनिटेसन आवरनेसको कार्यक्रममा सहभागिता जनाउने अवसर मिल्यो। उक्त कार्यक्रम करिब १० वर्षअघि स्थानिय बुद्धिजीवि, समाजसेवी, बौद्धिक व्यक्तित्वहरूले सुरु गरेका थिए। उक्त क्याम्पस संचालन समितिका अध्यक्ष कुमारप्रसाद ओझाको सक्रियतामा अहिले क्याम्पसको आफ्नै भवन निर्माण भई अन्तिम अवस्थामा पुगेको छ। यसका लागि सबै तह र तप्काका व्यक्तिहरूबाट रु.१०,०००।- सहयोग लिएर आजीवन सदस्य बनाएर रकम संकलन गर्न सुरु गरिएको थियो। क्याम्पसका संचालक समितिका अध्यक्ष, सदस्य तथा प्राध्यापकहरूको अथक मिहेनतबाट अहिले धेरै संघसंस्था, समाजसेवी तथा जनप्रतिनिधि साथै सरकारको अनुदान सहयोग प्राप्त गर्न क्याम्पस सफल भएको छ।

क्याम्पसको बाँकी निर्माण कार्य सम्पन्न गर्न अझै पनि केही सहयोग आवश्यक




भएको कुरा अध्यक्ष कुमार ओझाको बताउनुभएको थियो। उक्त अवसरमा प्रमुख अतिथि विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राध्यापक भिमप्रसाद सुबेदीले क्याम्पसको चौतर्फी प्रगतिको सराहना गर्दै शिक्षालाई श्रमसँग जोड्ने, श्रमलाई सीपसँग जोड्ने र सीपलाई रोजगारसँग जोड्न आवश्यक भएकोमा बिशेष जोड दिनुभयो। भविष्यमा पनि यस क्याम्पसको निर्माण कार्य सम्पन्न गर्नेमा सहयोग पुऱ्याउने विचार उहाँले ब्यक्त गर्नुभयो।

त्यस अवसरमा केही जनप्रतिनिधि वक्ताहरूले फोहोर व्यवस्थापन सम्बन्धमा निकै सान्दर्भिक कुराहरू राख्नुभयो। बूढानीलकण्ठ नगरपालिका १० वडाका अध्यक्ष नवराज भट्टराईका अनुसार फोहोरको व्यवस्थापन गर्न सबभन्दा पहिला प्रत्येक घरमा कम्पोस्ट बिन राख्न आवश्यक छ। त्यसमा खासगरी भान्छाबाट निस्कने सबै फोहोर राख्न सकिन्छ। त्यसबाट कम्पोस्ट मल बनाएर बगैंचा र गमलाहरूमा मलको रुपमा प्रयोग गर्न सकिन्छ। अहिले धेरैले रुफ टप गार्डेन सुरु गरिसकेका छन्। जसबाट अर्ग्यानिक ताजा तरकारी घरमा खाना पाइन्छ भने अर्कोतर्फ घरमा हरियाली बढेर शुद्ध हावा खान मद्दत पुग्छ। सड्ने फोहोर मात्र पनि अलग गर्ने हो भने सम्पूर्ण फोहोरको चार भागमा तीन भाग तह लाग्नेछ। बाँकी फोहोरमा फलाम, बोतल, कागज, प्लास्टिक सबै बिक्री हुन्छ। बाँकी अत्यन्त कम फोहोर मात्र बाहिर फाल्नुपर्ने हुन्छ। उक्त फोहोर लैजाने कुनै एक कम्पनीलाई एक वडाको मात्र जिम्मा दिनुपर्छ। अहिले बूढानीलकण्ठ नगरपालिकामा कम्पोस्ट बिनमा केही रकम वडा तथा बाँकी ८ पेजमा

## नागरिकता विधेयकमा पुनर्विचारको अपेक्षा

काठमाडौं। नेकपा मालेले एक विज्ञप्तिमार्फत नागरिकता विधेयकमा राष्ट्रपतिद्वारा पुनर्विचार गरिनुपर्ने अपेक्षा राखेको छ। पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भई सभामुखद्वारा प्रमाणीकरणको निम्ति राष्ट्रपतिसमक्ष प्रेषित नागरिकता बाँकी ८ पेजमा

## नेपाली नर्सलाई बेलायतमा रोजगारी


काठमाडौं। नेपाल र बेलायत सरकारबीच रोजगारीका लागि नेपाली स्वास्थ्यकर्मी लैजाने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा दुई देशबीच बेलायतको स्वास्थ्य क्षेत्रमा नेपाली स्वास्थ्यकर्मी (नर्स)लाई रोजगारी दिनेसम्बन्धी श्रम समझदारीपत्रमा हस्ताक्षर भएको हो। श्रममन्त्री शेरबहादुर कुँवरको उपस्थितिमा श्रमसचिव एकनारायण बाँकी ८ पेजमा


## कुशे औंशी तथा बाबुको मुख हेर्ने पर्व

**समय सन्दर्भ**

**हर्क याक्सो**

नेपाल एउटा बहुभाषिक, बहुसांस्कृतिक एवं बहुधार्मिक मुलुक हो। त्यसकारण यहाँ विविध धार्मिक एवं सांस्कृतिक चाडपर्वहरू मनाइन्छन्। यहाँ मनाइने अधिकांस चाड-पर्वहरू सबै जाति, धर्म र वर्गहरूको साझा चाडको रुपमा मनाइन्छन्। तिनीहरू मध्ये दशैं सबै भन्दा ठुलो साझा चाड हो। दशैंमा आफू भन्दा माथिका मान्यजनको हातबाट टीका थापी आशिरवाद लिने गरिन्छ। तिहार दोस्रो ठुलो साझा चाड हो। तिहारमा दिदी-बहिनीहरूबाट पुष्पमाला ग्रहण गरी दीर्घायु र सुस्वस्थ्यको लागि शुभकामना प्राप्त गरिन्छ। त्यस पर्वमा देउसे-भैंलेहरूलाई दान-दक्षिणा आदि, दिएर पुण्य प्राप्त गर्ने पनि गरिन्छ। गुरुपूर्णिमा अर्को विशेष प्रकारको चाड





हो। त्यसदिन गुरुको पूजा-आराधना गरी गुरु प्रति भक्तिभाव व्यक्त गर्ने गरिन्छ। मातातिर्थे औंशीलाई आमाको मुख हेर्ने वा आमा प्रति आदर-सत्कार गर्ने पर्वको रुपमा मानिन्छ। त्यस दिन आमाको मुख हेर्ने वा मातृस्नेहको कदर गर्ने गरिन्छ। कुशे औंशीको दिन बाबुको मुख हेर्ने वा बाबुको महत्व र आवश्यकताहरूको स्परण गर्ने गरिन्छ। यस्ता चाड-पर्वहरूले नेपाली समाजमा विशेष महत्व राख्दछन्।

हिन्दू धर्माबलम्बीहरू कुश, पिपल, तुलसी र शालीग्रामलाई भगवान विष्णुको प्रतिक मान्दछन्। अतः कुशेऔंशीको दिन ब्राह्मण-पुरेतहरूद्वारा 'कुश' भनिने एक पवित्र बानस्पतिक घाँसलाई हातले छेदन गरेर वा उखलेर जजमानहरूको घरघरमा वितरण गर्ने गरिन्छ। त्यस दिन वितरण गरिएको कुशलाई हरेक माङ्गलिक कार्यहरू सम्पन्न गर्नको लागि प्रयोग गरिन्छ।

वि.सं. २०६३ मा नेपाल धर्म निरपेक्ष राष्ट्र घोष्णा भएपछि अन्य धर्मबलम्बीहरूको लागि कुशको आवश्यकता र महत्व घट्न थालेको देखिन्छ। तर कुशे औंशी संग जोडिएको "बाबुको मुख हेर्ने पर्व" लाई भने सबै धर्माबलम्बीहरूले उत्तिकै महत्वका साथ मनाउने गरेका छन्। किनकि आफूलाई जन्माउने, हुर्काउने र शिक्षा-दिक्षा दिएर सुयोग्य नागरिक बनाउन विशेष योगदान गर्ने बाबुको सम्मान, सत्कार र भक्तिभाव व्यक्त गर्ने अवसरको रुपमा यस पर्वलाई सबैले उपयोग गर्दछन्। त्यसकारण कुशैऔंशीको दिन सबैले आफ्ना जन्म दिने बाबुलाई मन पर्ने मीठामीठा फलफूल र खाने कुराहरू बाबुलाई खान दिएर आशिरवाद लिने गर्दछन्। कसैकसैले चाँहि बाबुलाई मनपर्ने लुगा वा बस्रादि अर्पण गरेर यथोचित ढोग-भेट वा सम्मान गर्नेगर्दछन्। त्यस अवसरमा बाबु पनि खुसी भएर आफ्ना छोराछोरीहरूलाई हृदय देखि नै यथोचित अर्ति-उपदेश एवं शुभ-आसिरवादहरू दिने बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# तिजको रहर आयो वरिलै...

हिन्दू नारीहरूको महान पर्व तिज नजिकिएको छ । कन्यादान फिल्मको गीत 'तिजको रहर आयो वरिलै' जताततै घन्किनुपर्ने हो तर न्यापको कर्कश आवाज सुनिन थालेको छ । पार्टी प्यालेसहरू महिलाको जमघटले भरिभराउ भइरहेका छन् । राता लुगा र सुनका गहनाहरूको प्रदर्शनमा होडबाजी चलिरहेको छ । साउन महिना सकिनासाथ तिजका पार्टीहरू दिनहुँ चल्न थालेका छन् । कोभिड–१९ को महामारीले दुई वर्षसम्म तिजको रौनक लगभग निस्तेज बनेको थियो । यसपालि भने महिलाहरूले धक फुकाएर वर्ष दिनको चाड तिज धुमधामले मनाइरहेका छन् । यसरी तिज महिलाहरूले मनाइरहँदा तिजको मौलिकता भने छायाँमा पर्दै गएको छ । तिजको मौलिक संस्कृतिको जगेर्ना गर्नेतर्फ भने महिला दिदीबहिनीहरूले खासै सरोकार राखेको देखिँदैन ।

सत्ययुगमा पार्वतीले देवादिदेव महादेवलाई पति पाउन निराहार व्रत बसेर महादेवलाई प्राप्त गरेको शास्त्रीय कथन पाइन्छ । आफ्ना श्रीमानको दीर्घायुको कामना गर्दै हिन्दू नारीहरूले निराहार व्रत बसी भगवान शिवसँग प्रार्थना गर्ने परम्परा रहिआएको छ । पतिले आफ्नी पत्नीको दीर्घायुको लागि व्रत बस्नु नपर्ने तर पत्नीले व्रत राख्नुपर्ने यो लोकचलन आफैंमा विभेदकारी छ । यो पितृसत्तात्मक समाजले नारीमाथि गरेको एक प्रकारको अन्याय नै हो । नारी र पुरूषलाई समाजरूपी रथको दुई पांग्रा मानिन्छ । तर महिलाले मात्र व्रत बसेर पतिको दीर्घायु र सुस्वास्थ्यको कामना गर्नु सिधै नारी पुरूष समानताको बर्खिलापमा छ ।

तिज नेपाली संस्कृतिमा एउटा मिलनको पर्व पनि हो । धेरै अघि पिच बाटाहरू थिएनन् न त सवारीका साधनहरू नै थिए । छोरीचेलीलाई बिहे गरेर धेरै टाढा दिने चलन थियो । त्यसबेला छोरीहरूलाई विद्यालयमा पढाउने समेत चलन थिएन । छोरी जन्मे भने अर्काको भित्तो टाल्ने जात भनिन्थ्यो । छोरी मर्दा पनि 'छोरी मरी गालै टरी' भनेर छोरीलाई अभिषापकै रूपमा लिने आपराधिक चिन्तनले घर गरेको थियो । विवाहिता छोरीहरू घरको कामकाज चुल्हो चौको, खेतबारी, घाँसदाउरामै जीवन व्यतित गर्थे । माइत आउन, जन्म दिने बाबुआमालाई भेट्न, दाजुभाइसँग दुःख बिसाउन र बालापनका साथीसँगी सँगै आँसु झार्दै बातचित गर्न पनि भनेका बेलामा पाउँदैनथे । तिज जसले पराइघर पठाइएका छोरीहरूलाई वर्षमा तीन दिन भए पनि माइत आउन र गाउँ टोलका साथीसँग भेटघाट गर्ने अवसर प्रदान गर्थ्यो । त्यसैले त्यसबेला छोरी चेलीहरूमा तिजको महत्व अपार थियो ।

वर्तमानमा परिदृश्य बद्लिएको छ । सार्वजनिक यातायातका साधनदेखि निजी सवारी साधनले लामो दूरी छोट्याइदिएका छन् । मोबाइल, इन्टरनेटले सात समुद्रपारिलाई पनि आँखैअगाडि नजिक बनाइदिएका छन् । जसरी प्रविधिको नयाँ नयाँ विकासले मानव जीवनलाई झनै सहज र सरल बनाएको छ त्यसरी नै हाम्रा मौलिक चाडपर्वहरूलाई भने विद्रुप बनाउँदै लगेको छ । वरिलै...का भाकाहरू पप र न्यापले विस्थापित गरिरहेको छ । महँगा कपडा र सुनचाँदी हिरामोतीका गहनाहरूको प्रदर्शनीले तिज पर्व सामान्य महिलालाई गिज्याउने पर्व बन्न पुगेको छ । हाम्रा चेलीबेटीहरू दिनैपिच्छे पार्टी प्यालेसहरूमा बियर र वाइनको नसामा झुमिरहेका छन् । अनि पश्चिमा अंग्रेजी न्याप गीतहरूमा नाच्न नजाने पनि उफ्रिरहेका छन् । यस्ता विकृतिहरूले तिज पर्वको मौलिकतामाथि भिषण आक्रमण गरिरहेको छ । तडकभडक र हाइफाइयुक्त तरिकाले तिज मनाउने शैलीलाई परिवर्तन गरी मितव्ययी र आर्थिक सुहाउँदो भएर एक आपसमा तिजको बधाई दिने महिला दिदीबहिनीहरू जागरूक भए मात्र तिज पर्वको सार्थकता झल्किनेछ ।

# Political Cartelling विरूद्धको मेरो उम्मेदवारी



**सुरेन्द्र ढकाल**



Cartelling भन्ने व्यापारिक शब्द हो । उही वस्तु उत्पादन गरी बिक्री गर्ने उद्यमी व्यवसायीहरू वा उही सेवा प्रदान गर्ने सेवा प्रदायकहरू जब मूल्य र गुणस्तरमा एक अर्कासँग प्रतिष्पर्धा गर्न सक्दैनन् तब उनीहरू आफ्नो व्यापारिक स्वार्थ र अस्तित्व जोगाउन एक अर्कासँग मिल्छन् र आफ्ना वस्तु वा सेवालाई एउटै गुणस्तर र एकै मूल्य कायम गरी बजारमा सामूहिक एकाधिकार कायम गर्छन् भने त्यसलाई अंग्रेजी भाषामा Cartelling भनिन्छ ।

स्वतन्त्र व्यापार अवलम्वन गर्ने देशहरूमा यस्तो प्रवृत्तिलाई गैरकानुनी घोषित गरिएको हुन्छ किनकी कम मूल्यमा गुणस्तरीय वस्तु वा सेवा किनेर उपभोग गर्ने उपभोक्ताको अधिकार र स्वतन्त्रतामा यस्तो सामूहिक एकाधिकारले कुण्ठित गरेको वा वाधा पुर्‍याएको हुन्छ । कार्टेलिङ हुँदा वस्तु वा सेवा प्रदायकहरू खाए खा नखाए घिच भन्ने व्यवहार आफ्नो उपभोक्तसामु बजारमा प्रदर्शन गर्दछन् ।

नेपालको उदाहरण लिने हो भने वायुसेवा प्रदायकहरूले अहिले झण्डै कार्टेलिङ गरिरहेको अवस्था छ । जब कि सरकारले हवाई भाडा र सेवामा प्रतिस्पर्धा हुन गई यात्रुहरूले सस्तो मूल्यमा हवाई सेवा सहज रुपले प्राप्त गर्न सकुन् भनेर नै सरकार आफैं द्वारा संचालित नेपाल वायुसेवा निगमको हवाई यातायातमा भएको एकाधिकार तोडदै निजी वायुसेवा संचालनको अनुमति दिएको हो । तर उनीहरूको बीचमा भएको कार्टेलिङको कारण यात्रुहरू मर्कामा र सरकार मूकदर्शक भएर बसिरहेको अवस्था छ अहिले । हवाई सेवा कार्टेलिङबाट ग्रस्त छ भन्दा हुन्छ ।

राजा महेन्द्रले २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्था लादेपछि त्यसको विरोध गर्नेहरू सबैलाई अराष्ट्रिय तत्व नामाकरण मात्रै गरिएन कि उनीहरूलाई जेलको हावा खानु वा विदेश पलायन हुनुपर्ने अवस्था आयो । त्यो व्यवस्था पंचहरूको मात्रै राजनीतिक एकाधिकार भएको व्यवस्था थियो । सामूहिक एकाधिकार याने राजनीतिक कार्टेलिङ थिएन ।

राजनीति गर्न चाहनेले पंचायतमा प्रवेश गर्नै पर्दथ्यो । पंचायतजस्तै अर्को दल खोल्न पाइँदैनथ्यो । धेरै कांग्रेस र कम्युनिस्ट भनाउँदाहरू कालान्तरमा पंचायतमा प्रवेश गरे तापनि त्यो व्यवस्था साँच्चैको निर्विकल्प हुन सकेन ।

पंचायत ब्यवस्थाको विरोधमा आन्दोलन छिटपुट भइनै रहन्थे । पंचायत एकाधिकारी ब्यवस्था नहोस् र सबैले यसमा संलग्न हुन सकुन् भनेर जनताको कसीमा त्यस ब्यवस्थालाई घोटेर हेर्न राजा वीरेन्द्रले २०३६ सालमा जनमत संग्रहको घोषणा गरे अनि पंचायतको पक्षमा मत बटुल्न उनले पंचायतले जितेमा त्यो सुधारिएको पंचायत हुने, जनताले आफ्नो मताधिकार प्रयोग गरी राष्ट्रिय पंचायतको सदस्य (सांसद) चुन्न पाउने अनि त्यस्तो संसदले चुनेको ब्यक्ति प्रधानमन्त्री हुने र त्यस्तो प्रधानमन्त्री आफ्नो कामका लागि संसदप्रति जिम्मेवार हुने प्रतिबद्धता जाहेर गरिदिए ।

यसरी उनले जनमत संग्रहमार्फत पंचायतलाई जिताउन सफल भए । हर्षित राजाले तुरुन्तै अर्को घोषणा गरी अब सबै नेपाली पंच र सबै पंच नेपाली भएको उद्घोष गरी पंचायती राजनीतिक एकाधिकारले अब सदाका लागि स्थायित्व पाएको घुमाउरो पाराले उनले जनतासमक्ष प्रकट गरे । तर त्यो १० वर्ष टिकेन । त्यही राजाले २०४७ सालमा बढ्दो जनआक्रोसलाई बुझ्दै पंचायत विघटन गरी बहुदलीय ब्यवस्थाको घोषणा गर्नुपर्ने बाध्यता आयो र मुलुकमा एकाधिकारी राजनीति अन्त्य भई राजनीति अब खुला प्रतिस्पर्धामा गयो ।

४७ सालमा प्रजातन्त्र आएपछि देशले ३२ वर्ष ब्यतित गरिसकेको छ । जनजीविकाको सरल सुलभ तरिकाले ग्यारेन्टी गर्न नसक्दा र सत्तामुखी राजनीतिमा मात्रै आफूहरूलाई केन्द्रित गरेका कारण के दक्षिणपन्थी के मध्यमार्गी अनि के बामपन्थी सबै नेताहरू असफल अनि उही ड्यांगको मुला सावित हुन पुगेको अवस्था छ अहिले । नेपालको परिप्रेक्ष्यमा साम्यवाद, समाजवाद, उदारवाद भनिने सबै राजनीतिक विचारधाराहरू नेताहरूको अनुहार चिल्लो बनाउने माध्यममात्रै बन्न पुगेको छ ।

जनताको अवस्था झनझन गिर्दो छ । नेता भनाउँदाहरूसँग अब आफ्नो दल अरुभन्दा राम्रो छ हामीलाई मत देओ भनेर भन्ने आधार नै समाप्त भइसकेको हुँदा उनीहरू अब हिजोको पंचायतजस्तो एकाधिकारी राजनीतिक ब्यवस्था नभै सामूहिक एकाधिकारी ब्यवस्था याने राजनीतिक कार्टेलिङतर्फ देशलाई रन... रन.... स्टप (म्युजिकल चेयर) को मोडेलमा धकेल्दै छन् ।

गठबन्धन खास अर्थमा राष्ट्रघाती, असफल र भ्रष्ट नेताहरूको म्युजिकल चेयर बन्न जाँदैछ । हिजो र आजमा फरक यति छ कि हिजो सबै पंच नेपाली र सबै नेपाली पंच भन्थे राजाले, आज सबै राष्ट्रघाती नेता र सबै नेता राष्ट्रघाती, सबै असक्षम नेता र सबै नेता असक्षम अनि सबै भ्रष्ट नेता र सबै नेता भ्रष्टको पर्यायवाची बन्न पुगेको कारणले नै गठबन्धन संस्कार मौलाउँदै छ र नेपाली मतदातालाई यस्तै राष्ट्रघाती, भ्रष्ट र असक्षम नेताहरू नै चुन्नुपर्ने बाध्यतामा पारिँदै छ ।

होला एकाध ठाउँमा हर्क, बालेन प्रवृत्तिका राजनीतिक कार्टेलिङ तोड्नुपर्छ भन्ने उम्मेदवारले विजय हासिल गर्लान् रे । त्यसले छिट्टै परिवर्तन ल्याउन सक्तैन, राजनीतिक संस्थागत प्रयास नै हुनुपर्छ । त्यसको अर्थ फेरि एक किसिम कार्टेलिङको विरुद्ध अर्को किसिमको कार्टेलिङ खडा हुनुपर्छ भनेको होइन । कार्टेलिङ संस्कार नै खतम गर्नुपर्छ भनेको हो ।

त्यसैले सबै दलमा भएका राष्ट्रवादी, सादा, सक्षम नेताहरू अगाडि आई गठबन्धन संस्कृतिलाई खतम गरी राजनीतिलाई स्वच्छ, प्रतिष्पधात्मक र देशको लागि दिन र दिलाउन सक्नेहरू उत्पादन गर्ने फैक्ट्री बनाउनुपर्छ भनेको हो । यसैकारण काठमाण्डौ क्षेत्र नं १ बाट मेरो उम्मेदवारी स्वतन्त्र नभएर दलगत भएको हो र सबै दलले यस्तै गरे भने राजनीतिक कार्टेलिङको कारण देशलाई श्रीलंका हुनुबाट जोगाउन सकिन्छ अन्यथा नेपालको स्वतन्त्र भूगोल इतिहासको पानामा गएर थन्किन बेर लाग्ने छैन । सबैलाई चेतना भया !!!

# चुनावी गठबन्धन जनता झुक्याउने अस्त्र



**गोविन्द विक**

संघीय र प्रदेश तहको चुनाव २०७९ मंसिर ४ गते गर्ने सरकारको निर्णयले अहिले मुलुक चुनावी माहोलले तातेको छ । राजनैतिक दलका लागि चुनाव महा पर्व नै हो । चुनावमा पाएको जनमतका आधारमा आगामी पाँच वर्षका लागि सत्ताको बाग्डोर समाहाल्ने मौका मिल्ने हुनाले राजनैतिक दलहरू चुनाव केन्द्रित अभियानमा तिब्र रुपमा लागिरहेका छन ।

लोकतन्त्रमा आफूले चाहेको उम्मेदवार आफूले चाहेको दललाई मत दिएर मुलुक र जनताको समृद्धि ल्याउनेहरूलाई सत्ताको जिम्मा दिने गतिलो अवसर नै चुनाव हो जनताका लागि । चुनावमार्फत नै जनताले नेता र दल छनौट गर्ने मौका पाउछन । मुलुक र जनताको लागि सधै काम गर्ने विशोषगरी निमुखा, सर्वहारा वर्ग दलित सिमान्तकृत समुदायको अधिकार सुनिश्चितमा ध्यान दिने जनमुखी कामलाई प्राथमिकतामा राख्ने नातावाद र कृपावादलाई बेवास्ता गर्ने नेतृत्व चुन्ने अवसर चुनाव जनताका सामु छ । चुनावको रौनकसंगै सत्ता गठबन्धनका दलहरू सिट बाँडफाडमा रस्साकसी गरिरहेका छन ।

कुन क्षेत्रमा कुन दलको उम्मेदवार उठाउने कुन दललाई कसले समर्थन गर्ने जस्ता प्रश्नको सेरोफेरोमा दलहरूको बैठक र छलफल केन्द्रित छ । चुनावमा गठबन्धन गर्नु दलहरूका लागि उपयुक्त होला अन्तराष्ट्रिय अभ्यासहरूलाई हेर्दा पनि गठबन्धन विरलै गरेको देखिन्छ । गठबन्धन गर्नु नेपालको परिपेक्षमा जनता झुक्याउने अस्त्र मात्रै हो । गठबन्धनबाट चुनाव जितेपछि एउटै दलको बहुमत हुदैन । सबै दलहरूको पोल्टामा सिट पुग्छ । सबै मिलेर गठबन्धन सरकार बनाउनु पर्छ अनि एकले अर्कोलाई दोष दिएर उम्कीने राम्रो उपाय रहन्छ ।

चुनावमा जुन दलहरू एक्लै प्रतिष्प्रधा गर्छन ती दलहरूलाई जनताले प्राथमिकतामा राख्न जरुरी छ । चुनावमा राम्रालाई साथ दिने नराम्रालाई पाखा लगाउने मौका भएको हुनाले अहिले गठबन्धन गर्ने भनेर तम्सीएका दलहरूले जनतालाई त्यो मोकाबाट बञ्चित गर्न खोजिरहेका छन ।

चुनावी गठबन्धन भने सबै भन्दा भद्धा र निर्मम प्रक्रियाको उपज हो । यसले कुनै पनि दललाई जनताका सामु राम्रो काम गर्ने अवसर दिदैन । नेपालमा राजनीति गर्ने जति पनि दलहरू छन ती दल र तीनका नेताहरू पटक पटक सत्तामा पुगे पनि जनताको जिवनमा सार्थक परिवर्तन ल्याउने कुनै काम गरेको इतिहास छैन ।

राजसंस्था हुन्जेल राजाले देश सके निरकुंस शासनको अभ्यास राजाबाट भयो निमुखा जनताले दुख पाए सामन्तहरूको पहुँचमा राज्य सत्ता गयो भनेर थुप्रै विरोधका श्रृङखलाहरू भए । सर्वहारा वर्गको उत्थान र विकासका लागि देशमा १७ हजार निमुखा जनताको ज्यान लिने काम भयो । व्यवस्था परिवर्तनका लागि निकै मान्छेहरूले ज्यानको वलिदानी गरे व्यवस्था परिवर्तन भयो भने मुलुक र जनताको समृद्धि नजिक छ । सबै सर्वहारा वर्गको उत्थान हुन्छ भन्ने पूर्ण रुपमा विश्वास थियो र छ पनि । तर विडम्बना जनतासापेक्ष विकास र समृद्धिको जगसम्म पनि फेरिएको व्यवस्थाले बसाउन नसक्नु निकै दुखको विषय बनिरहेको छ । आज त्यही फेरिएको व्यवस्था भित्र जनताले चाहेको समृद्धि कता हरायो कसैलाई पत्तो नै छैन ।

जनमतबाट पटक पटक सत्ताको कुर्सीमा पुग्ने नेतृत्वहरूले सबै आफू अनुकूल अवस्थाको लागि मात्र समय विताए । सधै आफूलाई अनुकुल हुने निर्णय विकासका लागि मात्र उनीहरूको ध्यान गयो । आज हजारौ राजाहरूलाइ देशले पाल्नुपर्ने अवस्था बन्यो । दुई तिहाइको सरकार भएर पनि जनमुखी काम गर्न ध्यान नदिएका दलहरू पनि छदैछन ।

उमेरले डाडो काटेका विचार चिन्तनमा यथास्थितीवादले भरिएका नातावाद र कृपावादमा अल्झिएकाहरू नै फेरी सत्ताको कुर्सीमा बस्न दाउ हेर्न थालिसकेका छन । जनताका लागि समृद्धि र सुशासनका योजना निर्माण भन्दा पनि कतिजना मिलेर सिट हत्याउने र फेरी पाँच वर्ष देशलाई अविकसितको सुरुङतिर हुत्याउने भन्ने सुरमा धेरै मान्छेहरू सलबलाउदैछन ।

चुनावमा जनताले गठबन्धन भन्दा पनि दलका योजना घोषण पत्र स्पष्ट भिजन र साना भन्दा साना मुद्धाहरूको सम्बोधन गर्ने योजनाका खाकाहरू हेर्न जरुरी छ । जनताका निम्ती जनताको हितको लागि चुनावमा भाग लिने दल एक्लै चुनावमा जान्छ र आफ्ना स्पष्ट भिजन र दृष्टीकोण जनतामाझ राख्छ । यसरी एक्लै चुनावमा जाने दलहरूलाई जनताले नजिकबाट नियाल्न आवश्यक छ । जनताको समृद्धिका लागि दलले कुनै गठबन्धन गर्नै पर्दैन एक्लै बहुमत ल्याउनेगरी चुनावी एजेन्डा र भिजन दलसँग हुनु जरुरी छ । सत्ता र शक्तीको अडेसोमा चुनाव जितेर देशलाई जहिलै अध्यारो सुरुङतिर हुत्याउने मनस्थितीबाट दल र दलका नेताहरू टाढा हुनु जरुरी छ ।

जनमुखी काम गर्ने जनताको दैनिकीमा परिवर्तन ल्याउने भिजन भएका दलहरूलाई जहिलै जनताको साथ रहन्छ । जनताको साथ र सहयोगले नै व्यवस्था बदल्न सकिएको हो तर जनताको अवस्था भने बदलिएन । शिक्षाबाट आज पनि कयौं जनता टाढा छन स्वास्थ्यको पहुँचमा नपुग्ने जनताको भिड ठूलै छ । एकछाक खानको लागि पनि धौं धौ हुने जनताहरू निकै छन । सुन्दर भविश्यको सपना खोज्दै विदेशी भूमिका पुगेर अस्ताउने युवायुवतिहरूको लिष्ट लामै छ । पटकपटक सत्तामा पुगेका दल र तीनका नेताहरूले जनमुखी भएर राज्यको ढिकुटी परिचालन गरी देश र जनताका लागि काम गरेका भए आज जनताको समृद्धिको आधार तयार भएको हुन्थ्यो ।

दलका लागि सत्ता अहिले गाउमा काटेको भेजो जस्तै भएको भाग लगाइ लगाइ खाने । राम्रो काम गरेर जनताको मनजितेर सत्तामा जाने र तीनै जनताको पक्षमा देश विकास गर्ने भन्ने त दल र नेताहरूको सोचै आउदैन । कसरी सत्ता भाग लगाउने अनि गठबन्धन गरेर भएपनि सत्ता आफ्नो पोल्टामा पार्ने र आफना आसेपासेलाई पोस्ने आफूलाई फाइदा हुने कुरामा ध्यान दिने जनताको दैनिकीमा परिवर्तन ल्याउने कुरामा ध्यान नदिने देशमा तिब्र मौलाएको भ्रष्ट्रचार घुसखोरीहरूलाई संरक्षण गर्ने उद्योग धन्दाको विकास गर्नु भन्दा पनि ठूला ठूला टावर मन्दीर बनाउनमा ध्यान दिने बजारमा महङगीले उग्ररुप लिएको प्रति चासो नराख्ने सरकारी अस्पताल सरकारी विद्यालयहरूको स्तरउन्नतिमा ध्यान नदिने संस्थागत विद्यालयसम्म निमुखा जनताको पहुँच पुर्‍याउने वातावरण नवनाउने जिर्ण भएका उद्योगधन्दालाई सञ्चालन गर्ने कुरामा ध्यान नजाने यी र यस्तै सवालहरूमा बेवास्ता गर्ने तिब्र प्रवृत्तिले गर्दा आज जनताले दुख र पिडा भोग्न बाध्य छन ।

चुनावमा राम्रालाई मत दिने नराम्रालाई पाखा लगाउन त भन्दा गठबन्धन गरेर भएपनि तिनै केही नगर्ने मान्छेलाई नै भोट हाल्न बाध्य पार्न नेता माहिर भएका छन । त्यसैले चुनावमा गठबन्धन हैन जनमुखी भिजन र एजेन्डामा नेता र दलहरूको ध्यान जान जरुरी छ । एक्ला एक्लै चुनावमा जाने र जनताको मनजितेर मत ल्याउने पाँच वर्ष सत्ताको कुर्सीमा बसेर जनताको गुनासा र पिरमार्कामा ध्यान दिने नेतृत्व र दलको अहिलेको आवश्यकता हो । निमुखा जनताको दुख पिडामा महलम लगाउने देशलाई विकासको गतिमा अगाडी बढाउने भ्रष्ट्रचारको सामुल अन्त्य गर्ने नातावाद र कृपावादलाई इग्नोर गर्ने महङगी घटाउने दलाल र व्यपारीहरूको हातमा बजार मुल्य तोक्न छुट नदिने विषयलाई पहिलो प्राथमिकतामा राख्ने दल र नेताको खाचो चुनावमा रहेको छ । र त्यसतै दल र तीनका नेताहरूलाई छानीछानी भोट दिनका लागि जनता सचेत र सजग हुनु आवश्यक छ ।

# मैले देखेको २१७ औं विश्व पर्यटकीय स्थल

# डार्मस्टाड जर्मनीको मारिया माग्डेलिन चर्च

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा चर्च यस्तो देखिन्छ



चर्च अवलोकन गर्न आउने पर्यटकहरू

मार्च २७ देखि मार्च ३१ सम्म इजिप्ट भ्रमण गरी त्यहाँको विश्व आश्चर्य र विश्व सम्पदाको अवलोकन गरेपश्चात् अप्रिल १, २०१७ को दिन हामी दोहा हुँदै काठमाडौं फर्कियौं र केही महिनाका लागि मेरो विश्व भ्रमणको क्रमले विश्राम लियो। त्यतिखेर नेपालमा संविधानसभाले जारी गरेको नयाँ संविधानअनुसार पहिलो पटक स्थानीय सरकारको चुनाव हुन गइरहेको थियो। म आफैंले खडा गरेको राजनीतिक दल देशभक्त पर्यावरणीय सामाजिक मोर्चाको अध्यक्ष भएको कारण चुनाव साना र नयाँ दलका लागि आफ्नो दलको नीति उद्देश्य र कार्यक्रम मतदातासमक्ष पुर्‍याउने अवसरको रुपमा लिनु स्वभाविकै थियो। त्यही कारण मैले पनि काठमाडौं महानगरपालिकाको मेयरको पदमा उम्मेदवारी दिएर चुनावमा होमिन पुगेको थिएँ। ठूला दलको दादागिरि, आमरुपमा उनीहरूले गर्ने पैसाको चलखेलको अगाडि हामी साना दलले चुनाव जित्ने त कुरै थिएन तैपनि राजनीति गर्ने भनेपछि चुनावबाट पर बस्ने कुरा पनि भएन। दिनभर एउटा जीप लिँदै त्यसमा माइक राखेर चुनाव प्रचारमा लागियो। मतदानको दिन आयो। आफूले आफ्नै चुनाव चिन्ह मकैको बोटमा मतदान गरेपछि आफ्नो उद्देश्य पूरा भयो। जित्ने सम्भावना नै थिएन तर आफूलाई धपेडीपछि आरामको ठूलो खाँचो थियो।



चर्च अगाडिको पोखरी




चर्च अगाडिको बगैंचा

उता जर्मनी मित्र सुसानाले मतदान गर्ने बित्तिकै आराम गर्न जर्मनी आउनु भनेकी थिई। त्यसैले मे १४, २०१७ याने मतदान गरेकै बेलुकी म जर्मनीतर्फ उडें। भोलिपल्ट मे १५ को दिन सुसानाको घर डिच्चनबाख फ्रान्कफर्ट पुगें। दुई तीन दिन आराम गरेपश्चात् मे १९ को दिन हाम्रो घरबाट ४५ मिनेट ड्राइभिङ दूरीमा रहेको डार्मस्टाडस्थित पवित्र मारिया माग्डेलिन चर्च अवलोकन गर्न हामी दुई र अरु सुसानाका जर्मन मित्रहरू गरी ४ जना बिहान ११ बजेतिर दालभात खाइसकेपछि त्यहाँ पुग्यौं।

### मारिया माग्डेलिन चर्च

यो सन १८९७ देखि ९९ बीच निर्माण भएको रसियन अर्थोडक्स चर्च रहेछ। चर्च परिसरमा पुग्दा क्रेमलिनको झझल्को आउँदो रहेछ। प्याजजस्तो देखिने ओनियन डोम झन त्यसमाथि पहेंलै सुनले लिपेको गजुर ज्यादै आकर्षक रहेछ। रसियाका अन्तिम वादशाह निकोलाश द्वितीयकी रानी डार्मस्टाड जर्मनीकै भएको कारण वादशाहले यसलाई निजी चर्चको रुपमा प्रयोग गर्ने गर्थे रे।


वादशाह निकोलासले आफ्नी माता मारियाको नाममा निर्माण गरेको यो चर्चको लागि आवश्यक ढुंगा, माटो रेलबाट ढुवानी गरी रुसबाटै ल्याइएको रहेछ। हरियो दुवोको मैदानबीच ठडिएको रसियन वास्तुविद **Leon Benois** ले डिजाइन गरेको यो चर्चलाई हामीले एक पटक चारैतिरबाट घुमेर अवलोकन गरेपछि हामी चर्चभित्र पस्यौं। त्यहाँ दर्शनार्थीको सानो भीड थियो। चर्चको भित्री भाग त झन् सुन्दर र कलात्मक रहेछ बयान गरेरै नसकिने। आधा घण्टा चर्चभित्रै बसी



चर्चको भित्री भाग

अवलोकन गरी हामी बाहिर निस्कियौं र चर्च नजिकैको टावर लिफ्टबाट चढेर टुप्पामा पुगी चर्च वरिपरिको क्षेत्र अवलोकन गर्‍यौं। केहीबेर माथि बसी तल ओर्लेर चर्च अगाडिको निर्मल पोखरी, अति सुन्दर बगैंचा अवलोकन गरेपश्चात् हामी चारै जना चर्च अगाडिको दुवोको मैदानमा आएर डङग्रङ्ग पल्टियौं।

मे महिनाको एक बजेको घाम, त्यति गर्मी पनि नभइसकेको, हामीजस्तै दुवोको मैदानमा पल्टिर घाम ताप्ने थुप्रै पर्यटकहरू थिए। यसै बीच हाम्रो एक मित्रले हामी सबैको लागि आइसक्रिम लिएर आए। आइसक्रिमको मजा, जर्मनीको मे महिनाको घाम के चाहियो ? आनन्दको सिमानै थिएन। करिब एक घण्टाजति घाम तापी हामी घर फर्कंदा ३ बजेको थियो। त्यसपछिका दिनहरू जर्मनीको विभिन्न शहरमा गई नेपालमा हाम्रा गरिब बालबालिकाको पढाइमा सहयोग गर्ने दाता जर्मन मित्रहरूसँगको भेटघाटमै बित्यो र २२ मे को दिन म फ्रान्कफर्टबाट उडी २३ मे को दिन काठमाडौं आइपुग्दा मतगणना अझै सकिएको रहेनछ। केही दिनपछि एमालेका विद्यासुन्दर शाक्यले मेयरको चुनाव जितेको निर्वाचन आयोगले घोषणा गर्‍यो। मैले भने आफूले अपेक्षा गरेको भन्दा ८०० प्रतिशत बढी मत प्राप्त गरेको रहेछु।



चर्च सँगैको टावर

ऐतिहासिक कथा

# श्राप

**मिलिसा अम्गाई**

'हजुर महाराज यो बत्तिसौँ दोकान खोलियो।' काजी भिम मल्लले राजा प्रताप मल्लको प्रश्नमा दिदै भने। काजी भिम मल्लले सहरमा आज बत्तिसौँ पसल खोलेका थिए।

'तपाईले पसल खोलेर अति उत्तम कार्य गर्नुभयो, मैले केही बोल्नु पर्दैन।' राजाले स्यावासी दिदै भने तर काजी मल्लले उनको अनुहारमा खुशी देखेनन्। 'माहाराज हजुर बेचैनी र निराश देखिनुहुन्छ नि।' काजीले चासो देखाए।

'तिमीलाई थाहा नै छ हाम्रो राज्यको अवस्था। गएको वर्षदेखि केही ठूलो सुधार ल्याउन सकिएको छैन। हामी सँगै भएको अरु राज्यहरू कहाँ देखि कहाँ पुगिसके ?' राजाले लामो सास तान्दै सुनाए। काजीलाई पनि यो सब थाहा थियो तर उनले के गर्न सक्थे र। 'महाराज मलाई केही दिनको समय दिनुस, म केही सोच्ने छु। यसरी हातमा बाँधेर बस्नु हुदैन।' काजीको यो कुरा सुनेर राजा असाध्यै खुसी भए। उनलाई काजीले कहिल्यै निरास पार्दैनन् भन्ने कुरा थाहा थियो।

केही दिन बित्यो। काजी भिम मल्लले तिब्बतसँग युद्ध गर्ने कुरा सोचेँ। 'महाराज यदि हजुरको आज्ञा छ भने हामी तिब्बतसँग युद्ध गरेर राज्यलाई लाभ पुऱ्याउन सक्छौँ।' उनले यो प्रस्ताव ल्याएर राजालाई सुनाए।

'यो मनासिव होला र काजी ! फेरि यसबाट कसरी लाभ होला र ?' राजाले शङ्का व्यक्त गरे।

'तिब्बतलाई बसमा पार्ने यही नै उपयुक्त समय हो महाराज। हामीले तिब्बतसँग व्यापारिक संझौता त गर्यौ तर नेपाली व्यापारीलाई त्यहाँ निकै दुःख दिएका समाचारहरू आइरहेका छन्। यो त सरकारको जानकारीमा छँदैछ।'

'अँहँ !' प्रताप मल्लले सहमतिमा टाउको हल्लाए।

भिम मल्लले भन्दै गए, 'अहिले तिब्बतको अवस्था निकै कमजोर छ। उनीहरू आन्तरिक खिचलोमा रुमलिएका छन्। त्यसको असर हाम्रा व्यापारीहरूमा परेको छ। सहयोग गर्नुपर्यो भनेर उनीहरूले खबर पठाइरहेका छन्। यही मौकामा हामीले आक्रमण गरेर दबाब दिन सकियो भने तिब्बतमा व्यापार गरेर हामी राम्रै आम्दानी गर्न सक्छौ।'

'तिमीलाई त्यस्तो लाग्छ भने युद्धको तयारी गर।' राजाले तरुन्तै सहमति जनाए। नभन्दै काजी मल्लले भोलिपल्ट नै तिब्बतको राजालाई सन्देश पठाए। सन्देश पत्रमा तिब्बतमा नेपाली व्यापारीहरूलाई दुःख दिएका हुनाले त्यसको क्षतिपूर्ति वापत हर्जाना तिर्नुपर्ने, नभए आक्रमण गरिने जानकारी थियो। तिब्बतले हर्जाना तिर्न अस्वीकार गरेपछि तिब्बतमाथि कान्तिपुर सेनाले अर्को महिना आक्रमण गऱ्यो।

युद्ध केही दिन सम्म चलिरहयो र अन्त्यमा कान्तिपुरको सेनाले जित हासिल गर्न सफल भयो। जित साथसाथै काजीद्वारा तिब्बतको कुती, केरुङ र खासालाई राज्यको शासन भित्र ल्याइयो। आफ्नो सबै भूमि गुम्ने डरले तिब्बत नेपालको सर्त मान्न बाध्य भयो। नेपालले क्षतिपूर्ति बापत केही रकम प्राप्त भयो भने ल्हासामा व्यापारिक कोठी राख्नका लागि सुविधा र सुरक्षको बन्दोबस्त पनि मिलाइयो।

'मैले तिमीबाट यही आशा गरेको थिएँ। तिम्रो कार्यले राज्यलाई सोचेभन्दा बढी योगदान पुऱ्याउने छ।' राजाले काजीको प्रशंसा गर्दै भने। 'यो त मेरो कर्तव्य हो सरकार।' काजीले हाँस्दै बोले।

'यदि राजाको शासन सम्पूर्ण देशभर विस्तार गर्न सके त कति राम्रो हुन्थ्यो होला हगि।' काजी भिम मल्लले खाना खादै गर्दा सुनाए। 'हो हजुर हो, हजुर जस्तो शुभचिन्तक त राजाले खोजेर पनि पाउने छैनन्।' उनको पत्नीले थपिन्।

कुती, केरुङ र खासा कान्तिपुर राज्य मातहत आएको केही महिनामा राज्यको अर्थव्यवस्थाको वृद्धि हुन थालेको थियो। काजीद्वारा गरिएको कामको नतिजा देखेर राजा असाध्यै प्रभावित भए। एक दिन उनले काजी भिम मल्ललाई राज्यको तर्फबाट सम्मान र पुरस्कार दिने निर्णय सुनाए।

त्यस समारोहमा सबै भारदारहरू भेला भए। राज्यले दिएको सम्मानप्रति सबै खुसी थिए। तर भनिन्छ नि आफु माथि पुगेपछि खुट्टा तान्न खोज्ने कोही न कोही रहन्छ। त्यसैगरी काजी भिम मल्ललाई यति सम्मान दिइएको देखेर दरबार भित्र दुई हजुरीयालाई निकै ईर्ष्या लाग्यो। 'यो काजी त सबको आखाँको नानी बनिसक्यो।' 'हो भन्या, हामीले केही गर्नुपर्छ।' उनीहरूले सल्लाह गरे।

त्यी दुबैले काजी अगाडि पुगेको हेरेर बस्न सकेनन्। एक दिन राजा कहाँ गएर काजीको बारेमा झुटो आरोप लगाएर कान फुक्न पुगे। 'माहाराज हामीले भने सानो मुख ठुलो बात होला। तर के गर्ने नुनको सोझो पनि गर्नै पर्यो। यी काजी भिम छन् नि, उनको विचार र उद्देश्य ठिक देखिदैन।' एक हजुरीयाले भने। राजाले आखाँ ठुला पार्दै प्रश्न गरे, 'मतलब, के भन्न खोजेको ?' 'मतलब यो महाराज, उनी तपाईलाई राजपदबाट निकालेर आफू राजा बन्न चाहन्छन्।' राजाले कसरी भनेर सोधे।

'हजुर आफै सोच्नुहोस् त, काजी मल्लले यतिका काम गरेर सबको मन जितिसके। के थाहा कुनै दिन तपाईलाई यो पदबाट हटाएर उनलाई राजा बनाउनु पर्छ भन्न थाले भने !' अर्को हजुरियाले मुख खोल्यो। राजा गम्भिर भए। तिब्बतसँगको घटनापछि जताततै काजी भिम मल्लको मात्र चर्चा हुन थालेको थियो। उनी निकै लोकप्रिय भएका थिए।

'अँ, मैले केही त गर्नै पर्छ।' राजाले सोचे। उनी आफैले गरेको कार्यको कारण पनि राजालाई काजीमाथि शङ्का गर्न बल मिलेको थियो। उनी आफू आफ्नै पितालाई कैद गरेर राजा बनेका थिए। पिता लक्ष्मीनरसिंह मल्लका पालाको काजीले त्यसो नगर्लान् भन्ने विश्वास गर्ने आधार पनि थिएन। 'हुन त राजा लक्ष्मीनरसिंहको गलत हर्कतको विरोध काजी भिम मल्लले नै गरेका हुन् र उनकै सहयोगमा आफू राजा भएको हुँ तर मान्छेको मनमा पाप पलाउन कतिबेर !' प्रताप मल्लको मनमा कुरा खेल्यो।

काजी राजा बन्न चाहेको हल्ला राज्यभर फैलियो। पहिला वाह वाह भन्ने मानिसहरू आज त्यही काजीलाई घृणा गर्न थालेका थिए। अर्को तर्फ काजी र उनको पत्नी कसले यो हल्ला फलायो भनेर चिन्तित थिए।

राजा प्रतापले पनि सोच्दै नसोची आवेगमा आइ आफ्नै शुभचिन्तकलाई राज्यद्रोहको अभियोगमा दण्ड दिने निर्णय गरे। केही दिनपछि भिम मल्ललाई कारावासमा राखियो। काजी मल्लले आफूमा त्यस्तो कुनै विचार नभएको विश्वास दिलाउने प्रयास गरे तर राजा विश्वस्त हुन सकेनन्। आफ्नो प्राणप्रिय राजालाई अनाबश्यक शङ्काबाट निकाल्न नसकेपछि आफ्नो मृत्यु नै श्रेयष्कर ठानेर आत्महत्या गर्ने कठोर निर्णय गरे।

उनले राजालाई भेट्न चाहेको कुरा जाहेर गरे। राजा आफै कारागारमा आइपुगे। 'सरकार, हजुर नै मेरो अन्नदाता हुनुहुन्छ। यदि हजुरलाई मेरो कारणले असुरक्षा महसुस हुन्छ भने सदाका लागि यो शङ्का निवारण गरिदिन्छु।' यति भनेर उनले अफ्नो कम्मरमा भएको कर्द निकाले र राजा कै अगाडि आफ्नो घाँटी सेरे। उनी त्यही बङ्लङ पछारिए र रगतको आलमा डुबेर प्राण त्यागे। त्यति बफादार काजीलाई शङ्का गरेकोमा राजालाई निकै पछुतो भयो तर समय बितिसकेको थियो। अब काजीलाई फर्काउन सम्भव थिए।

राजकीय सम्मानका साथ काजीको अन्त्यष्टिको आयोजना गरियो। त्यस बेलाको प्रचलन अनुसार पतिको मृत्युपछि पत्नी सती जानुपर्थ्यो। एकातिर भिम मल्लको चितामा तयार थियो भने अर्कोतिर भिम मल्लकी पत्नीका लागि चिता बन्दै थियो। मृत्य प्राकृतिक नियम हो, त्यो उनलाई थाहा थियो। तर यहाँ त आफ्नो पतिले असल कर्मको दण्ड भोग्नु परेको थियो, यही कुराले उनको मन निकै दुखेको थियो।

काजीको लाससँगै पत्नीलाई आगोमा जलाउने तयारी गरियो। 'यो दरबारमा कहिल्यै विवेका नआओस्।' उनले आगोमा जल्दा जल्दै सकिनसकि सराप दिइन्।


'सतीले सरापेको त साँचो हुन्छ भन्छन्। लौन ! अब दरबार उबो लाग्ने भएन।' त्यहाँ उपस्थित मानिसहरूको बिच कुरा हुन थाल्यो।

यो घटना घटेको केही महिना बित्यो। दरबारको स्थीतिमा पनि गिरावट आउन थाल्यो। तिब्बतसँगको सम्बन्ध पनि अस्तव्यस्त हुन थाल्यो। त्यस अवस्थालाई समाल्ने भिम मल्ल जस्तो योग्य काजी अब दरबारमा थिएन। भिम मल्लले भोग्नु परेको नियतिले अब भएका काजी पनि राज्यको भलो चिताउन डराउन थालेका थिए। राजा अहिले आएर यथार्थता नबुझी कदम उठाएकोमा पछुताउन थाले।

*(हिमरश्मि हाईस्कुल, तारकेश्वर- ९, काठमाडौं)*

# भिटामिन "डी" को कमी किन हुन्छ ?

काठमाडौं। पछिल्लो समय भिटामिन 'डी' को कमी स्वास्थ्य क्षेत्रमा एउटा ठूलो समस्याको रुपमा देखा परेको छ। नेपालको सन्दर्भमा हेर्ने हो भने झन् धेरै व्यक्तिमा भिटामिन 'डी' को कमी पाइन्छ।




भिटामिन 'डी' को प्रमुख स्रोत सूर्यको किरण हो। तर अहिले धेरै व्यक्ति भिटामिन 'डी' को प्रमुख स्रोत सूर्यको पराबैजनी किरणको सम्पर्कमा कमै मात्र आउन पाएका हुन्छन्। किनकि बढ्दो सहरीकरण र व्यस्त जीवनशैलीका कारण मानिसहरूलाई घाममा बस्ने फुर्सद नै कम छ। सहरका घरहरू एकापसमा जोडेर बनाइएकाले कोठा कोठामा सूर्यको किरण छिर्न पनि पाउँदैन।

मानव छालाले सूर्यको प्रकाशमा भएको पराबैजनी किरणबाट भिटामिन 'डी' को निर्माण गर्छ र शरीरले उसलाई संग्रहित राखेर पछि उपयोग गर्न थाल्छ। छालाले भिटामिन 'डी'को निर्माण गर्न सकेन भने यसको कमी हुन्छ। भिटामिन डी' पाइने खाना जस्तै अण्डा, माछाको कम सेवन गर्दा पनि यो समस्या देखा पर्ने सुस्वास्थ्य अस्पतालका अध्यक्ष सुदर्शन बस्नेत बताउँछन्।

नेपालमा अहिले धेरै व्यक्तिमा भिटामिन 'डी' को कमी भएको पाइन्छ। यसको मात्रा जाँच गराउनेहरूको संख्या कम भएपनि जाँच गरेका प्रायः व्यक्तिमा यसको कमी नै देखिएको पाइन्छ। त्यस्ता व्यक्तिले सप्लिमेन्ट लिनुपर्ने पोषणविद् कला नेपाल बताउँछिन्।

'महिनावारी बन्द भएका महिला र पोस्ट कोभिडका बिरामीमा पनि भिटामिन 'डी'को कमी हुन्छ। साथै थाइराइडका बिरामीहरूमा पनि भिटामिन 'डी'को कमी हुन्छ,' उनी भन्छिन्, 'अहिले धेरै जना अफिसभित्रको काम गर्छन्। बाहिर घामको सम्पर्कमा आएका हुँदैनन् त्यस्ता व्यक्तिहरूमा पनि यसको कमी हुने गर्छ। त्यसैले यस्ता व्यक्तिले पनि चिकित्सकको सल्लाह अनुसार भिटामिन 'डी' सप्लिमेन्टको सेवन गर्न सक्छन्।'

बिहानको घाममा भिटामिन 'डी' प्रशस्त मात्रामा पाइने भएकाले बिहान ८ देखि ११ बजेको घाममा बसेर सनबाथ लिंदा शरीरमा भिटामिन 'डी' को कमी हुन पाउँदैन। यो अवधिभित्रमा आधा घण्टा थोरै मोस्चराइजर लगाएर घाममा बस्न सकिने बस्नेत बताउँछन्।

'यसरी घाममा बस्दा शरीरले सूर्यको प्रकाश सोस्न सक्ने किसिमको कपडा लगाउनुपर्छ। यसरी कम्तीमा पनि आधा घण्टा दैनिक घाममा बस्न सकियो भने यस्तो समस्या देखा पर्दैन।'

भिटामिन 'डी' को कमीले हड्डीको समस्या निम्ताउँछ। भिटामिन 'डी'को कमीले रोगसँग लड्ने क्षमता पनि कम गरिदिन्छ। यसको कमीले हातखुट्टा झम्झमाउने, थकाइ लाग्ने र कपाल झर्ने जस्ता समस्या देखिन सक्छन्। तर जाँच नै नगरी तथा चिकित्सकको सल्लाह बिना भिटामिन 'डी' सप्लिमेन्टको सेवन भने गर्नुहुँदैन। आफूखुसी यसको सेवन गर्दा झनै नकारात्मक असर गर्न सक्ने पोषणविद् नेपाल बताउँछिन्।

भिटामिन 'डी' को स्तर ३० देखि ७४ नानोग्राम प्रतिमिलिमिटर भए यसलाई सामान्य मानिन्छ। २१ देखि २९ नानोग्राम हुनु अपर्याप्त हो। यस्तै २० नानोग्राम प्रतिमिलिमिटर भन्दा तल हुनुले शरीरमा यसको कमी रहेको देखाउँछ। ५ नानोग्राम भन्दा कम हुनु भनेको समस्यामा पर्नु हो।

भिटामिन 'डी' बोसोमा घुलनशील हुन्छ। यसले शरीरलाई क्याल्सियम सोस्न सघाउँछ। भिटामिन डी को सबैभन्दा राम्रो स्रोत भनेको सूर्यको किरण हो। साथै खानाबाट पनि हामी भिटामिन डी प्राप्त गर्न सक्छौं। अण्डा, माछा, चिज, च्याउ, गाँजर आदिको सेवनबाट पनि केही मात्रामा भिटामिन डी प्राप्त हुन्छ। तर खानाबाट पनि भिटामिन 'डी' को पर्याप्त मात्रा प्राप्त नहुने भएकाले सप्लिमेन्ट सेवन गर्नुपर्ने पोषणविद् नेपालको सुझाव छ।

# संगीत क्षेत्रमा दीपक शर्माको चर्चा बढ्दै

काठमाडौं।

*'दारी फुल्यो बैंसैमा चस्मा लाउँछौ पावर*
*दुई दिन गाउँमा बस्दैनौ सुईंकी हाल्छौ लावर'*



चार वर्षअघि युट्युबमा रिलिज गरिएको यो गीतको भिडियो अहिलेसम्म ९ करोड ४६ लाख ६७ हजारपटक हेरिसकिएको छ। कुल ३ करोड जनसंख्या भएको मुलुक नेपालको एउटा गीतले जनसंख्याको तेब्बर भ्युज युट्युबमा पाउनु आफैंमा सुखद पक्ष हो।

आशीष सचिनले गाएको यो गीतलाई दीपक शर्माले संगीत गरेका हुन्। करोडौं भ्युज गएको दीपक शर्माको गीत यो मात्र हैन। यस्ता गीत उनका अरू पनि छन्। चलचित्र मंगलमको 'पर्ख-पर्ख मायालु'.'मा पनि दीपक शर्माकै संगीत रहेको छ। यो गीतले पनि अहिलेसम्म युट्युब च्यालनमा ६ करोड ८ लाख ५६ हजार भ्युज पाइसकेको छ।

संगीत सिर्जना यात्राको डेढ दशकभन्दा लामो समय पार गरिसकेका दीपक युट्युबमा करोडौं भ्युज पाउँदा खुसी छन्, 'युट्युबको भ्युजलाई पनि आजकाल प्रतिष्ठान र मापनको रूपमा हेरिँदो रहेछ। मैले संगीत गरेको गीत मिलियन भ्युज काट्दा साथी सर्कलबाट बधाई आउँछ।' त्यसले आफूलाई अझ ऊर्जा दिने गरेको यी संगीतकार बताउँछन्।

युट्युबमा करोड भ्युज नाघेका उनका थुप्रै गीतहरू छन्। चलचित्र छक्कापन्जा-३ को 'पहिलो नम्बरमा'' गीत पनि उनको लोकप्रिय गीत हो। लोकलयको यो गीतको भिडियोले अहिलेसम्म युट्युबमा ५ करोड ९४ लाख २५ हजार भ्युज पाइसकेको छ।

यसरी दीपक शर्माका तीनवटा गीतको भिडियोले पाँच करोडभन्दा बढी पटक दर्शकको साथ युट्युबमा पाएको छ भने एउटा गीतले ४ करोड र एउटा गीतले ३ करोडभन्दा बढी भ्युज पाएको छ। उनले संगीत गरेको बालगीत 'बालखैमा दिल बस्यो' ले हालसम्म ४ करोड ९ लाख ३९ हजार भ्युज युट्युबमा बटुली सकेको छ।

२ करोडभन्दा बढी भ्युज पाएका उनका गीतहरू पनि त्यत्तिकै छन्। चलचित्र हिजो आजका कुराको गीत 'जदौ माया जदौ' मा पनि दीपक शर्माकै संगीत छ। दुई वर्षअघि रिलिज गरिएको यो गीतले अहिलेसम्म २ करोड ५७ लाख ७९ हजार भ्युज पाइसकेको छ। यस्तै, दीपक शर्माकै संगीत रहेको अर्को 'जुनी खै कुनी' गीतले दुईवटा भर्सनमा गरेर दुई करोड २० लाखभन्दा बढी भ्युज पाइसकेको छ।

१ करोडभन्दा बढी भ्युज पाएका दीपक शर्माको संगीतमा आधा दर्जन गीत छन्। घनश्याम ओलीको रचना, दीपक शर्माकै संगीत र रचना रिमाल, एलिना चौहान तथा समीक्षा अधिकारीले गाएको तीज गीत 'आयौं चेली माइती सम्झेर' डेढ करोड भ्युज नजिक पुग्न लागेको छ।

नेपाली संगीत क्षेत्रमा सबैभन्दा बढी करोड भ्युज पाउने संगीतकारको सूचीमा दीपक शर्मा अग्रपंक्तिमा पर्छन्। करोड भ्युजमा उनको प्रतिस्पर्धी संगीतकारमा राजनराज शिवाकोटी पर्ने गर्छन्। कुनै वर्ष राजनराजका गीतले बढी करोड भ्युज बटुलेका हुन्छन् भने कुनै वर्ष दीपक शर्माका गीतले राजनराजलाई उछिनेका हुन्छन्।

यी सबै गीतमा रोयल्टीबाहेक दीपकको अरू स्वामित्व छैन। यी गीतको प्रतिलिपि अधिकार' बारे उनले भने, 'कोही गायकले त कोही गीतकारले लगानी गरेर यी गीत बनाएको हो। फिल्मको गीतसम्बन्धी चलचित्रको लगानी हुने भएकाले युट्युबबाट आउने रोयल्टी उनीहरूले नै प्राप्त गरे।' करोडौं भ्युज गएर हिट भएप्रति गीतबाट आफूलाई हजारको अंकमा रोयल्टी प्राप्त हुने दीपकले बताए, 'तथापि मेरो पुस्ताका संगीतकारमा धेरै रोयल्टी थाम्नेमा म पनि एक हुँ। अर्का संगीतकार राजनराज शिवाकोटीले पनि राम्रो रोयल्टी थाप्नु हुन्छ।'

युट्युबबाट प्राप्त रोयल्टी' बारे दीपकले थपे, 'युट्युबमा करोडौं भ्युज पाउँदा नेपालमा सम्बन्धित गीतमा लगानी गर्ने निर्मातालाई प्रशस्त आम्दानी हुने गर्दछ। हामीले पाउने भनेको त सीआरबीटी, पीआरबीटी र गीत बजेबापतको रोयल्टी मात्र हो।' अब नेपालमा संगीत रोयल्टी संकलन समाजलाई युट्युबको रोयल्टी प्राप्त भएपछि आफूले पनि हजार हैन लाखौं रुपैयाँ पाउनुपर्छ भन्ने कथन यी संगीतकारको छ।

भूमिका

# जे छ त्यो छ, जे छैन त्यो पनि छ- २

✍ **डा. खेम कोइराला बन्धु**

यात्रा म्याराथन हो, बडो गजबको कुरा गर्छन् उनी। भन्छन्– सबै विजेता, सबै पराजेता। यो कसरी ! मैले प्रश्न गरेँ। उनी भन्छन्– स्वस्थ प्रतियोगितामा यो हुन्छ। हारेर पनि जितिन्छ, जितेर पनि हारिन्छ। यस्ता किसिमका प्रश्नोत्तरी उनको लेखनमा सूच्यरूपमा लिन पाइन्छ। उनको कथ्य बुझ्नुपर्दछ, नभए पाठक फेल खान्छ। (उनी..... दौडिहाल्छन्।)

कति रमाइलो कुरा ! दार्जिलिङलाई ग्रिष्मकालीन राजधानी बनाउन अँग्रेजले सन् १८८१ मा टोयट्रेन खडा गरेको। (हामीलाई थाहा छ तर आजका बच्चाहरूलाई पठनीय .... छुकछुक गर्ने रेल र टोयट्रेनको भूमि) दार्जिलिङ।


दार्जिलिङमा रहँदा प्रेम प्रधान, मनप्रसाद सुब्बा, नन्द हामखिम, गोपीचन्द्र प्रधान, प्रमिला गुरुङ, विना हामखिमसँगको अन्तर्क्रियाको प्रेरणाको गहिरो छाप देखिन्छ। भन्छन्, स्थानीय भाषा (नेपालीको) त्यहाँको त्यसै त्यसै आकर्षक लाग्ने। त्यहाँ पनि देखिने साहित्यिक गुटबन्दीलाई उनी सम्झिहाल्छन्। भन्छन्– 'कुनै पनि पाठ चूडान्त हुँदैन। केही त शेष रहन्छ।' व्युटिको परिभाषा दिन्छन् र नेपाली भाषा र साहित्यमा किनारीकृत गुनासो यत्रतत्र छ। (यहाँको मोफसलमा पनि त्यसलाई गज्जबसँग पकड्छन्।)

आँखाबाट आँसु आउँछ– जब इन्द्रबहादुर राइले आफूलाई 'बूढो रूख' भन्छन्। त्यत्ति ठूलो साहित्य सर्जक। लाग्छ, यिनी त नेपाली विशाल जातीयतामा नै रहिरहन्छन् होला ! (यिनलाई साम्प्रदायिकताले छुँदैन होला !) मसिनो मसिनो कुरालाई टिप्न सक्ने ताकत पन्तमा छ। यिनै पुरानो बजार दार्जिलिङको लोचनगर जाँदा 'बिग्रिएको बाटो' देख्छन्।

लाग्छ, नेपालको जातीय राज्यजस्तै ममता बेनर्जीको हरेक जात फुटाउने षड्यन्त्रको सङ्केत।

हो पनि, नेपालका शारदा, उदय, रूपरेखा नेपालका अनेकौं पत्रिकाजस्तै साहित्यिक पत्रिकामा विद्यावारिधि होस् भन्ने चाहन्नँ !) बनारस, देहरादून, दार्जिलिङबाट प्रकाशित हुने पत्रिकाको अध्ययन गर्नुपर्ने आजको आवश्यकता। त्यो शायद डा. माधव पोखेलले अहिले गराउँदै छन्। र साहित्यिक पत्रिकारिताको वृहत् इतिहासको जिम्मा मैले प्राप्त गरेको छु। कयौं हजार पृष्ठको सो कृतिको तीन हजार पाँच सय पृष्ठजति तयार भइसकेको छ। यो ऐतिहासिक काम कमलमणि प्रकाशनमालाले गरिरहेको छ।

हडबडको यात्रामा जीवननै हतारोजस्तो देखिन्छ तर मन र मस्तिष्क चाहिँ यिनको नेपाल र नेपाली जाति, नेपाली भाषा र नेपाली संस्कृतिप्रति नै छ। यिनी सोच्छन् मेची र टिष्टा अलग्ग भन्नुपर्ने कस्तो अवस्था आयो ? यिनका नशामा टिष्टा र




काँगडा किल्लाको ऐतिहासिक पाठ सधैं नै रहिरहेको हुन्छ। जहिले पनि जहाँ पनि यिनी जङ्गेपिल्लर सम्झिरहन्छन्। बुद्धिनारायणको 'जङ्गे र बुद्धे' २०७३ को विम्बमा।

+++

यिनको कल्पनाशीलता कति छ ! उनी लेख्छन्– एकाएक मौसम बदलियो। पानीका छिटा पर्नथाले। कल्पनाशीलता मात्र होइन, यथार्थको टिपोट कस्तो छ हेरौं। बुद्धको देशमा अशान्ति, जनकको देशमा अज्ञान, यलम्बर, अंशुवर्मा, पृथ्वीको माटोमा राजनेताको अभाव।

वाह ! कस्तो सटीक टिप्पणी ! उनी लेख्छन्– 'रत्नगर्भा जननीका हामी सन्तति। सुनको थालमा भिख भागिरहेछौं।' (लोककृष्ण नेपाली सभ्यता विगत र वर्तमानको छ सय पृष्ठको कृतिलाई यी दुवै वाक्यमा उतारेका छन्। सार खिचिएको।)

'मान्छे नमर्ने समय हुँदैन।' शहरमा उनले चित्रण गरेका। 'मृत्युबोध'लाई टिप्पणी गर्न पुगेका छन्। अनि पत्रकार कि कवि कि नियात्राकार उनी म प्रश्न गर्छु।

+++

सिलगढीकै कुरा गरौं, भानुको प्रतिमा देवकोटाको प्रतिमा, अझ पारिजातको प्रतिमामा उनी हराउँछन्। लखीदेवी सुन्दास ज्येष्ठ नागरिकको पनि कुरा आउँछ। सहभागिताको कुरा पनि आउँछन्। बडो गजाको कुरा, एक्लै हुँदा 'निद्रादेवीको अँगालो'मा उनी अङ्कमाल गर्न पुग्छन्। (कैयौं पाठकका लागि जरुरी होला, काठमाडौं सिलगढी कति दूरी छ ? उनी लेख्छन् ६१६ किलोमिटर। सानो कुरा, तर सूचनात्मक टिपोट।

ऐना देखाए, दार्जिलिङको। दार्जिलिङ, कालिङपोङ र टिष्टा। केही सन्दर्भमा सिलगढी पनि। (मैले प्रसङ्ग जोडेँ– सुधपाको एउटा कुरा छुटाए उनले)– देवकोटाको कविता सिर्जनाको अनि पादरी गंगाप्रसादको, जसको नेपाली भाषामा पर्याप्त देन छ। त्यो बाहेक अरु कुरा पुगेका छन्। मोतिचन्द्र पद्मलाल, माइलाबाजेहरू। (सुधपा सम्मका पत्रकारिताका कुरा र पाठ्यक्रमको समाविष्टीको कुरा।)

नेपाली भाषाको अनुसूची संविधानको अनुसूचीमा अन्तर्भुक्त गरिएका १९८९ को नरबहादुर भण्डारीको प्रसङ्ग र नेपाली भाषालाई शिक्षण संस्थानमा राख्न गरिएका प्रयासहरू यहाँ पक्कै छुटेका छन्। लाग्छ, यहाँ म्याराथन दौड र त्यस दौडमा लागेका उनका सहयात्रीहरूको बीचमा उनले टिप्न पाएनन्। तैपनि पूर्णमद, पूर्णमिदम्, पूर्ण छ।

लेख्छन्– वारि जङ्गल पारि जङ्गल बीचमा नदी। कस्तो यथार्थ चित्रण ! अनि त्यसलाई व्यावहारितामा मोड्छन्। भन्छन्– नदीको पानीलाई त्यसै खेर बग्न दिएको छैन भारतले – सङ्कलन, उत्पादन, फेरि सङ्कलन, फेरि उत्पादन।

कठै ! कस्तो चिन्ता उनीलाई ! म्याराथन दौडमा पनि भन्न पुग्छन्– हाम्रो बगेको पानी बगेको जवानी। पानीको रङ फरक छ। हाम्रा नेताहरू र हाम्रा प्रशासकहरूप्रतिको उनको प्रश्न आफैप्रतिको प्रश्न !

अहा ! कति राम्रो सुमधुर गीत। यथार्थ महान् पृथ्वीनारायण शाहको महत् प्रयास, मोदनाथ प्रश्रित, प्रदीप नेपाल हाल त मोहन विक्रम र रोहितले भन्दै आएको केपी ओलीसम्मको कथन– कवि माधवप्रसादको–

पश्चिम किल्ला काँगडा, पश्चिम टिष्टा पुगेथ्यौं।
'कुन शक्तिको सामुमा कहिले हामी झुकेथ्यौं ?'

प्रसङ्गवशात् यात्रा न हो, धेरै कुरा देखिन्छ। प्रकृतिका कुरा यत्रतत्र आएकै छन्। यथास्थान देश विकासको चिन्ता आएको छ। यही क्रममा उनी सोच्छन्– हामीकहाँ संविधान छ, कानून छ, नियम छ तर लागू गर्न सक्नुपर्छ। भएर मात्र के गर्ने ?'बाँदरको हातमा नरिवल' भएको छ। भन्छन्, शासकले पालना गर्नुपऱ्यो।

जीवनयात्रा न हो, हिँडिरहनु पर्छ। चरैवेतीको सिद्धान्त हिँडिरहु, हिँडिरहु। सत्य पत्ता लगाऊ। त्यसैका लागि हिँडिरहु। यायावरीय जीवन मानव सभ्यताको विकास क्रमको एउटा पाटो। भन्छन्– नेपालीहरूलाई भारतको दिल्लीको कुदृष्टि छ। भारतीय नागरिकहरू चाहिँ दाजुभाइको सम्बन्धको रूपमा हेर्न चाहन्छन्। रोजीरोटी सम्बन्ध छँदै छ। उनी जहाँ हुँदा पनि त्यो हिमाली शृङ्खला सम्झिन्छन् र राष्ट्रवादीको चरम शृङ्खला गौरीशङ्कर हिमशृङ्खला। हिमशृङ्खला भन्नासाथ सगरमाथा, कन्चनजङ्घा, माछापुच्छ्रे सबै आइहाल्छन्। भन्छन्– विमानबाट महाभारत शृङ्खलाका सम्पूर्ण पहाड होचा, पछि त हिमशृङ्खला पनि होचा हुँदै गएका। यस्ता दृश्यहरू पक्रेर पाठकहरूका निम्ति पस्कन उनी सफल छन्। (क्रमशः)

# विश्व इतिहासमा महिला नेतृत्व



विष्णु भट्टराई

विश्वमा पहिलो महिला राष्ट्रपति बनाउने देश अर्जेन्टिना हो । आफ्ना पति राष्ट्रपति जुवान पेरानको कार्यकाल अवधिमा नै निधन भएपछि उनकी पत्नी इसाबेल मार्टिनेज डे पेरोनले सन् १९७४ को जुलाईदेखि १९७६ को मार्चसम्म राष्ट्रपतिको पद सम्हालेकी थिइन् । उनी विश्वको पहिलो महिला राष्ट्रपति भए पनि जननिर्वाचित राष्ट्रपति भने होइनन् । जननिर्वाचित राष्ट्रपति हुने पहिलो महिला भने आइसल्यान्डकी भिग्दिश फिनबोगस्टिरले भएकी थिइन् । उनी सन् १९८० देखि १९९६ सम्म आइसल्यान्डको राष्ट्रपति बनेकी थिइन् ।

विश्व इतिहासमा हालसम्म सबैभन्दा धेरैपटक महिला राष्ट्रपति भएको देश स्विट्जरल्यान्ड हो । जहाँ ६ जना महिला राष्ट्रपति बनिसकेका छन् । जनवरी १, १९९९ मा रुथ ड्रेइफस् त्यहाँको पहिलो महिला राष्ट्रपति बनेकी थिइन् । त्यसपछि, सन् २००७, २०१०, २०११ र २०१२ मा पनि महिला राष्ट्रपतिहरूले देश हाँकेका छन् । सन् २०१५ को जनवरीमा छैटौं राष्ट्रपति बनेकी सिमोनेट्टा सोमारुगा स्विट्जरल्यान्डलाई नेतृत्व प्रदान गर्ने पछिल्लो महिला राष्ट्रपति भएकी थिइन् ।

अर्जेन्टिना, चिली, माल्टा, फिलिपिन्स, लाइबेरिया र आयरल्यान्डमा पनि २-२ जना महिला राष्ट्रपतिले नेतृत्व गर्ने अवसर पाएका छन् भने हाल नेपालसहित थुप्रै देशमा महिला राष्ट्रपति छन् । यसैगरी पाँचवटा देशमा रानी तथा राष्ट्राध्यक्षको जिम्मेवारी महिलाले निभाइरहेका छन् । त्यसैगरी, ब्राजिलकी राष्ट्रपति डिल्मा रुसेफ पनि शक्तिशाली र चर्चित राष्ट्रपति हुन पुगिन् ।

भारतमा २००७ मा पहिलो महिला राष्ट्रपति प्रतिभा पाटिलले देशको नेतृत्व गरिन् भने अहिले द्रौपदी मुर्मुले भारतको राष्ट्राध्यक्षको भूमिका निर्वाह गरिरहेकी छन् । उनी आदिवासी महिला हुन् । श्रीलंकामा सन् १९९४ मा चन्द्रिका कुमारातुंगालले महिला राष्ट्रप्रमुखको रूपमा कार्यभार सम्हालेकी थिइन् । उनी श्रीलंकामा लामो राजनीतिक इतिहास बोकेको परिवारमा जन्मिइन् र उनको परिवारमा देशको सर्वोच्च पदमा पुग्ने कीर्तिमान नै बन्यो । उनका बाबु र आमा प्रधानमन्त्री बने भने उनी प्रधानमन्त्री र राष्ट्रपति दुवै बनिन् । त्यति मात्रै होइन उनका भाइ सभामुख र मन्त्री बन्न भ्याए ।

जर्मन चान्सलर एन्गेला मर्केल राष्ट्रप्रमुखहरूमध्ये सबैभन्दा बढी समय कार्यभार सम्हालेकी नेतृमध्ये एक हुन् । सन् २००५ को नोभेम्बरमा उनी राष्ट्रप्रमुख बनेकी थिइन् । उनले सन् २०२२ सम्म जर्मनको नेतृत्व गरिन् । जननिर्वाचित र मनोनीत राष्ट्राध्यक्षहरूको इतिहास यस्तो भए पनि अर्जेन्टिनाकी राष्ट्रपति इसाबेलभन्दा अघि पनि महिलाले देशको सर्वोच्च पदमा पुग्ने इतिहास बनाएका छन् । कतिपय महिलाहरू राष्ट्रले उपनिवेश कायम गरेको स्थानमा गर्भनरको रूपमा जिम्मेवार लिएरसमेत काम गरेका छन् । सबैभन्दा पहिला महिला राष्ट्राध्यक्ष बन्ने गौरव खेर्तेक आन्चिमा तोकालाई प्राप्त छ । तुभान/सोभियत राजनीतिज्ञ रहेकी उनले सन् १९४० देखि सन् १९४४ सम्म तन्नु तुभा अर्थात जनवादी गणतन्त्र तुभानको राष्ट्राध्यक्षको जिम्मेवारी सम्हालेकी थिइन । तर, यो देश सोभियत संघमा गाभिएपछि उनको पद समाप्त भयो र आज पनि यो क्षेत्र रसियामा पर्छ । उनको सन् २००८ मा नोभेम्बर ४ मा ९६ वर्षको उमेरमा निधन भयो ।

यसैगरी, मंगोलियाकी सुखबार्तयन यन्ज्मा संसारको दोस्रो महिला राष्ट्राध्यक्ष हुन् । उनी क्रान्तिकारी नेता दामिन सुखबातरकी श्रीमती हुन् । उनले मंगोलियालाई १९५३ देखि १९५४ सम्म नेतृत्व प्रदान गरेकी थिइन् । उनको सन् १९६३ मा ७० वर्षको उमेरमा निधन भयो ।

कुनै समय चिनियाँ राजनीतिमा मुख्य भूमिका निभाएकी संग चिंग-लिंग अर्थात् संग क्विलिंग सन यात सेनकी दोस्री पत्नी हुन् । उनले कार्यकारी सहअध्यक्षका रूपमा चीनमा सन् १९६८ देखि १९७२ सम्म कार्यभार सम्हालेकी थिइन् । उनी सन् १९८१ मा १२ दिन चीनको मानार्थ अध्यक्ष भइन् । १६ मे मा उनलाई मानार्थ अध्यक्षको उपाधि दिइएको थियो तर २८ मे मा उनको निधन भयो । उनलाई 'आधुनिक चीनकी आमा' का रूपमा सम्मान गरिन्छ । सन् १९४९ मा चिनियाँ जनवादी क्रान्ति पूरा भएपछि उनी उपराष्ट्रपतिजस्तो गरिमामय पदमा आसिन भएर ठूलो योगदान गरिन् । तर, चिनियाँ सांस्कृतिक क्रान्तिका समयमा उनको धेरै आलोचना भयो । उनी सन् १९७६ देखि १९७८ सम्म चिनियाँ नेसनल पिपुल्स कंग्रेसको स्थायी समितिको अध्यक्षसमेत भइन् ।

पुरुषप्रदान समाजको उल्झनलाई चिर्दै शक्तिमा पुग्न सफल महिलाहरूको कुरा गर्दा माथि उल्लिखित नाम छुटाउन मिल्दैन । तर, उनीहरूको राजनीतिक जीवनको उत्थान र पतन तथा उनीहरूले जीवनकालमा गरेका कार्यहरूको वर्णन त्यति धेरै पाइँदैन । त्यसैले, हामी पहिलो महिला राष्ट्रपतिका रूपमा अर्जेन्टिनाकी इसाबेल मार्टिनेजलाई नै मान्छौं । किनभने त्यसअघि सत्तामा पुगेका तीनै जना महिलालाई राष्ट्रपति 'प्रेसिडेन्ट' को रूपमा नभई राष्ट्राध्यक्ष 'हेड अफ दि स्टेट' का रूपमा व्याख्या गरिएको छ ।

वर्तमान विश्वमा नेपालसहित २३ जना महिलाले राष्ट्रको प्रमुख भूमिकामा रहेर देश हाँकिरहेका छन् । इतिहास हेर्दा भने ३६ जना महिला राष्ट्रपति बनिसकेका छन् । जसमा २३ जना निर्वाचित र आठजना मनोनीत रहेका छन् । यतिबेला नेपालसहित ताइवान, चिली, लाइबेरिया, लिथुवानिया, ट्रिनिडाड एन्ड टोबागो, कोसोभो, जमैका, स्लोभेनिया, सेनेगल, नर्वे, डेनमार्क, फिनल्यान्ड, साइप्रसलगायतका देशमा महिला राष्ट्राध्यक्ष तथा सरकारप्रमुख छन् । निवर्तमान जर्मन चान्सलर एन्जेला मर्केल सबैभन्दा शक्तिशाली महिलाको सूचीमा पर्थिन् । पछिल्ला केही वर्षयताका रेकर्डहरूलाई हेर्ने हो भने हरेक समय २० भन्दा बढी देशमा महिलाले नेतृत्व गरिरहेका छन् । सन् २०१४ को मार्च महिनामा यो संख्या २२ थियो । अहिले पनि त्यो भन्दा कमी भएको छैन ।

वर्तमान महिला नेतृहरूको कुरा गर्दा छुटाउनै नसकिने अर्को नाम हो, बेलायती महारानी एलिजावेथ द्वितीय । उनले अप्रत्यक्ष रूपमा बेलायतको नेतृत्व प्रदान



गरिरहेकी छन् । बेलायतमा राजतन्त्रलाई अत्यन्तै आदर्शको रूपमा लिने हुनाले उनको स्थान पनि उच्च छ । यसैगरी, महारानी मार्गरेट द्वितीयले डेनमार्कको नेतृत्व गरिरहेकी छन् । उनी त्यहाँको सेनाको सुप्रिम कमान्डरसमेत हुन् । यी दुवै महारानीहरू पूर्वजहरूको बिरासत धान्दै आइरहेका जन्मसिद्ध शक्तिशाली पदमा आसिन महिला हुन् । सेन्ट लुसियाकी नेतृ गर्भनर जनरल डा. डेम सी पियरलेट्टे लुइजीले भने आफ्नो जीवनकालमा शिक्षिका, प्रशासक, उपप्रधानध्यापक हुँदै सेन्ट लुसिया कलेजको प्रमुख भएरसमेत काम गरेकी थिइन् । उनले हाल सेन्ट लुसियलाई नेतृत्व प्रदान गरिरहेकी छन् ।

जर्मन चान्सलर एन्जेला मर्केल, लाइबेरियाकी राष्ट्रपति एलेन जोनसन सिरलेफ, दक्षिण कोरियाकी राष्ट्रपति पार्क गुन हेई, ग्रानाडाकी गर्भनर जनरल डेम सेसिले ला ग्रेनाडे र नर्वेकी प्रधानमन्त्री इर्ना सलवर्गले आफ्नो समयमा सफलतापूर्वक देशलाई हाँकेका थिए । दक्षिण कोरियाकी राष्ट्रपति बनेकी पार्कगुन हुई हाल भ्रष्टाचारको मुद्दामा जेलमा सजाय भोगिरहेकी छन् ।

आफ्नो सशक्त भूमिका स्थापित गर्ने नेतृमा बंगलादेशकी शेख हसिना वाजेद, माल्टाकी राष्ट्रपति मारिए लुइजे कोलेरियो पेरेजा, क्रोएसियाकी राष्ट्रपति कोलिन्डा ग्राबार किट्रोभिक, नामिबियाकी प्रधानमन्त्री सारा कुगोंगेल्वा अमाधिला, मौरिससकी राष्ट्रपति अमिनाह गुरिब-फकिमसमेत हुन् ।

यस्तै, विश्वकै पहिलो निर्वाचित काला जातिकी राष्ट्रपतिका रूपमा इलेन जोनसन सिर्लिफको नाम अंकित छ । उनी अफ्रिका महादेशकै पहिलो निर्वाचित राष्ट्राध्यक्षसमेत हुन् । यस्तै, सन् २०१४ मा 'देश बचाउनका लागि' नारा लिएर उदाएकी थिइन्, मध्य अफ्रिकी गणतन्त्रकी राष्ट्रपति क्याथरिन साम्बा-पान्जा । यस्तै अर्जेन्टिनाको सत्तामा लामो समय बसेकी राष्ट्रपति क्रिष्टिना फर्नान्डेज पहिलो निर्वाचित र पुनर्निर्वाचित हुने महिला राष्ट्रपति पनि हुन् ।

यसैगरी, नेपालकी राष्ट्रपति विद्या भण्डारी पनि वर्तमानमा विश्वका शक्तिशाली महिलाको सूचीमा पर्छिन् । नेकपा एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी उनी यसअघि जनसंख्या तथा वातावरण र रक्षामन्त्री समेत भइसकेकी छन् ।

यस्तै म्यानमारकी स्टेट काउन्सिलर तथा त्यहाँको नेसनल लिग फर डेमोक्रेसीकी नेतृ आङ साङ सुकी प्रजातन्त्रका लागि लामो संघर्ष गरेकी नेतृ हुन् । हाल म्यानमारमा सैनिक विद्रोहपछि उनलाई नजरबन्दमा राखिएको छ । जुन्ता सरकारले सुकीलाई भ्रष्टाचारको मुद्दा लगाउँदै लामो कालखण्डसम्म जेलमा कोच्ने योजना बनाएको छ । म्यान्मारमा अहिले पनि सुकीको पक्षमा जनप्रदर्शनहरू भइरहेका छन् । शान्तिपूर्ण जनप्रदर्शनमाथि म्यान्मारको सैनिक सरकारले व्यापक दमन गरेको छ ।

विदेशी नागरिकता लिएका छोराछोरीका बाबुआमासमेत त्यहाँको राष्ट्रपति हुन नपाउने कानुनअनुसार उनका लागि प्रधानमन्त्रीसरहको पद सिर्जना गरेर राखिएको थियो । नोबेल शान्ति पुरस्कार विजेतासमेत रहेकी सुकी त्यहाँको राष्ट्रपति कार्यालयकी मन्त्री तथा विदेशमन्त्रीको भूमिकामा थिइन् । उनलाई त्यहाँको सैनिक सरकारले यसअघि पनि सन् १९८८ देखि २०११ सम्म घरमै नजरबन्दमा राखेको थियो ।

विश्वकै शक्तिशाली राष्ट्र अमेरिकामा पहिलोपटक हिलारी क्लिन्टन महिला राष्ट्रपतिको उम्मेदवार बनेकी थिइन् । तर उनलाई रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्पले पराजित गरेका थिए । हिलारीले ट्रम्पको भन्दा बढी पपुलर मत प्राप्त गरेकी थिइन् ।

निर्वाचनका माध्यमबाट सर्वोच्च पदमा पुग्ने प्रजातान्त्रिक प्रक्रिया अपनाएरै महिलाहरूले आफूलाई अब्बल साबित गरेका छन् । बेलायतमा मार्गरेट थ्याचरपछि थेरेसा मे दोस्रो महिला प्रधानमन्त्रीका रूपमा उदाएकी थिइन् । 'आइरन लेडी' को उपमा पाएकी थ्याचरले समयअनुसार आफूलाई बलबान साबित गर्न सफल बनिन् । तर, उनी पनि विश्वकै पहिलो महिला प्रधानमन्त्री भने होइनन् ।

विश्वकी पहिलो महिला प्रधानमन्त्री श्रीलंकाकी सिरिमाओ बन्दरानायके हुन् भने भारतकी इन्दिरा गान्धी विश्वकै दोस्रो महिला प्रधानमन्त्री बन्न सफल भएकी थिइन् । महिला राष्ट्रपति र प्रधानमन्त्री दुवै पाइसकेको श्रीलंकामा भने अर्को पनि रेकर्ड छ । जहाँ आमा प्रधानमन्त्री र छोरी राष्ट्रपति भए । बन्दरानायके १९९४ देखि २००० सम्म प्रधानमन्त्री बनिन् भने उनकी छोरी चन्द्रिका बन्दरानायके कुमारातुंगा राष्ट्रपति थिइन् । त्यसअघि उनी नै प्रधानमन्त्री थिइन् तर उनले जम्मा ८७ दिन मात्रै प्रधानमन्त्रीको पद सम्हालिन् र विश्वकै पहिलो महिला प्रधानमन्त्री सिरिमाओ बन्दरायकेकी छोरी कुमारातुंगा राष्ट्रपति बनिन् । सोहीबेला तेस्रोपटक प्रधानमन्त्री बनेकी बन्दरानायकेको १० अक्टोबर सन् २००० मा ८४ वर्षको उमेरमा निधन भयो । यो संसारकै दुर्लभ एक रेकर्ड पनि हो ।

चन्द्रिका राजनीतिक परिवारमा जन्मिइन् र सोहीअनुसार अघि बढिन् । उनका बाबु सोलोमोन बन्दरानायके उनी जन्मिँदा मन्त्री थिए र पछि प्रधानमन्त्री बनेका थिए । चन्द्रिकाका भाइ अनुरा बन्दरानायके त्यहाँको संसद्का पूर्वसभामुख र पूर्वमन्त्री थिए । तर, उनको सन् २००८ मा निधन भइसकेको छ ।

यद्यपि, विश्वको पहिलो महिला प्रधानमन्त्री सिरिमाओ बन्दरानायके भए पनि उनीभन्दा अघि पनि एक महिला प्रधानमन्त्री सरहको स्थानमा पुगेकी थिइन् । युक्रेनकी नेतृ बेन्हैया बोह्डानिभ्ना पिपुल्स कमिस्नर बनेकी थिइन् । कुनै समय त्यहाँको कार्यकारी प्रमुखका रूपमा यो पद रहे पनि सोभियत संघको स्थापनाको समयमा उनको पद धरापमा पर्न गयो । उनका बारेमा त्यति धेरै प्रमाणित तथ्यांक भेटिँदैन तर पहिलो महिला प्रधानमन्त्री बन्दरानायकेसँगै संसारमा ७२ जना महिला प्रधानमन्त्री बनिसकेका छन् । तिनीहरूमध्ये धेरैजना दोहोरिएर पनि प्रधानमन्त्री बने । बन्दरानायके आफ्नो जीवनकालमा तीनपटक प्रधानमन्त्री बन्न सफल भएकी थिइन् भने इन्दिरा गान्धी दुईपटक प्रधानमन्त्री बनिन् । हालसम्म सबैभन्दा पछि प्रधानमन्त्री बन्ने बेलायतकी थेरेसा मे थिइन् ।

मुस्लिम धर्मावलम्बी महिलाहरू बुर्का लगाउने र अत्यन्तै पुरातनवादी संस्कारमा हुर्कन बाध्य पारिँदै आएका थुप्रै घटनाहरू हामीले सुन्ने गरेका छौं । इस्लामिक कानुनमा पनि महिलाको स्थान निकै तल राखेको हामी पाउँदछौं । तर, कतिपय मुस्लिम महिलाहरू त्यो सानो घेरालाई तोडेर राजनीतिक नेतृत्वमा पुगेका छन् । इन्डोनेसियामा मेघावती सुकार्नोपुत्री सन् २००० देखि २००४ सम्म राष्ट्रपति बनेर राष्ट्रलाई नेतृत्व प्रदान गरिन् । यस्तै, कोसोभोमा अतिफेते जाहजागाले त्यहाँको चौथो राष्ट्रपति र पहिलो महिला राष्ट्रपतिका रूपमा कार्य गरिन् भने रोजा ओतुनवाएभा किर्गिस्तानको तेस्रो राष्ट्रपति बनिन् ।

हालसम्म चारजना मुस्लिम राष्ट्रका महिला आफ्नो देशको प्रधानमन्त्रीको पदमा पुग्न सफल बनेका छन् । यसरी, प्रधानमन्त्री बन्नेमा पाकिस्तानी पूर्वप्रधानमन्त्री बेनजिर भुट्टो, बंगलादेशकी बेगम खालिदा जिया र शेख हसिना वाजेद तथा टर्कीकी पूर्वप्रधानमन्त्री तान्सु सिलेर आफ्नो देशका प्रधानमन्त्री बन्न सफल भए । तान्सु सुन्नी मुस्लिम परिवारमा जन्मिएकी महिला हुन् । उनले सन् १९९३ देखि सन् १९९६ सम्म टर्कीमा प्रधानमन्त्रीको पद सम्हालेकी थिइन् । यसैगरी, दुईपटक पाकिस्तानकी प्रधानमन्त्री बन्न सफल बेनजिर भुट्टो पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकर अली भुट्टोकी छोरी हुन् । जुल्फिकर पाकिस्तानको नवौं प्रधानमन्त्री थिए भने भुट्टो ११औं र १३औं प्रधानमन्त्री बनेकी थिइन् । उनी पाकिस्तानको मात्रै होइन संसारकै पहिलो मुस्लिम महिला प्रधानमन्त्री हुन् ।

यस्तै, बंगलादेशमा दुई मुस्मिल महिलाले प्रधानमन्त्रीको पद सम्हालिसकेका छन् । बेगम खालिदा जिया बंगलादेशको पहिलो महिला प्रधानमन्त्री र संसारकै दोस्रो मुस्लिम महिला प्रधानमन्त्री हुन् । उनीपछि बंगलादेशमा शेख हसिना वाजेद प्रधानमन्त्री बनिन् । बंगलादेशको अवामी लिगलाई सन् १९८१ देखि नेतृत्व गर्दै आएकी उनी विश्वको चौथो मुस्लिम महिला प्रधानमन्त्री हुन् । मुस्लिम महिलाहरूमा केही देशमा मन्त्री बन्न सफल भएका छन् । अफगानिस्तानमा कुब्रा नुरजाई पहिलो महिलामन्त्री बनेकी थिइन् भने मसाउदा जलाल सन् २००२ मा हमिद कारजाईसँग राष्ट्रपतिमा पराजित भएकी थिइन् । यस्तै, आजरा जफारी अफगानिस्तानमा मेयर बन्न सफल भएकी थिइन् ।

यसरी, हेर्दा विश्वमा महिलाहरूको सम्मानजनक र सबल उपस्थिति छ । आज विश्वमा जुन समतामूलक समाज निर्माणको सोच हामीले बोकेका छौं, त्यसका लागि एक दुई महिला सत्ता वा शक्तिमा पुगेर होइन समग्र विकासको प्रक्रियामा सामेल भएर/गराएर मात्रै सम्भव छ । संसारलाई नेतृत्व प्रदान गर्ने भनेको सबल र उत्कृष्ट चेतनास्तरले नै हो । आजसम्मको इतिहासलाई सरसर्ती केलाएर हेर्दा ७२ जना महिला प्रधानमन्त्री र ३६ जना राष्ट्रपति अनि केही राष्ट्राध्यक्षहरू बनेको देखिन्छ । त्यति मात्रै होइन केही प्रधानन्यायाधीश र मन्त्री तथा सरकारी उच्च ओहादामा अवश्य पुगेका छन् । तर, के यो समतामूलक राष्ट्र निर्माणका लागि पर्याप्त छ त ?

*(एजेन्सीहरुको सहयोगमा)*

## केही विश्व चर्चित व्यक्तित्वहरू

**एरिस्टोटल** : युनानका विश्वप्रसिद्ध दार्शनिक, यिनी प्लेटोका चेला थिए अनि नीतिशास्त्र, काव्यशास्त्र तथा राजनीतिशास्त्रका महान् विचारक ।

**यासेर अराफत** : सन् १९९४ को शान्तिको विधामा नोबेल पुरस्कार प्राप्त गरेका यी प्यालेस्टाइन संगठनका स्वतन्त्र सर्वोच्च नेता जसले लामो समयदेखि इजरायलद्वारा निष्काशित प्यालेस्टिनीहरूको लागि छुट्टै तथा स्वतन्त्र प्यालेस्टाइन राज्यको लागि संघर्ष गरिरहे ।

**अब्राहम लिंकन** : सन् (१८६१-१८६५) मा मध्य अमेरिकाका राष्ट्रपति लिंकनले सदिऔंदेखि जरो गाडेर बसेको दासप्रथाको उन्मूलन गर्दै दक्षिणी राज्यलाई उत्तरी राज्यबाट पृथक हुन दिएनन्, यिनको आखिरमा हत्या गरियो ।

बर्नाड क्रिश्चियन : पहिलो दक्षिण अफ्रिकी चिकित्सक जसले डा. फिलिप वर्गमाथि हृदय प्रत्यारोहणको प्रयोग गरेका थिए ।

**बेन्जामिन** : (१८०४-१८८१) इंग्ल्यान्डका प्रसिद्ध राजनीतिज्ञ, सुवक्ता तथा उपन्यासकार । यिनी दुईपटक बेलायतका प्रधानमन्त्री हुन सफल भएका थिए ।

**विस्मार्क** : जर्मनीका प्रसिद्ध तथा होनहार राजनीतिज्ञ तथा इस्पाती व्यक्तित्वका धनी यिनले जर्मनीमा सन् १८८८ सम्म शासन गरेका थिए ।

**रेने, क्यासिन** : फ्रान्सका सुप्रसिद्ध न्यायाधीश, विश्वप्रसिद्ध मानव अधिकार घोषणापत्रको लेखक जसलाई पछि सन् १९६९ मा नोबेल शान्ति पुरस्कारद्वारा सममनित गरिएको थियो ।

बडेन पावेल : १८५७-१९४१) ब्वाय स्काउट्स (१९०७) गर्ल गार्ड्स (१९१०) का संस्थापक

**लुडविग वान** : जर्मनीका प्रसिद्ध पियानो वादक (१७७०-१८२७) तथा संगीतकार ।

**चार्ली च्यापलिन** : विश्वप्रसिद्ध एङ्लो-अमेरिकन अभिनेता तथा संसारप्रसिद्ध हास्य सम्राट ।

**कन्फुसियस** : चीनका विश्वप्रसिद्ध धर्मोपदेशक

**दाँते** : विश्वप्रसिद्ध इटालीका महानतम् कवि तथा डिभाइन कमेडीका रचनाकार ।

**चार्ल्स डार्बिन** : विश्वप्रसिद्ध विकास सिद्धान्तका प्रतिपादक तथा ओरिजिन अफ स्पेसिसका रचनाकार

**लेनिन** : विश्व कम्युनिस्ट आन्दोलनका सशक्त योद्धा तथा बोल्सेभिक क्रान्तिका नेता, (१८७०-१९२४) सन् १९१७ देखि १९२४ सम्म रुसको प्रधानमन्त्री ।

**जोन अफ आर्क** : पन्ध्रौं शताब्दीको एक फ्रान्सेली किसानकी छोरी जसको बहादुरीबाट चार्ल्सको राजनीतिक भएको तथा अंग्रेजहरूलाई फ्रान्सबाट बाहिर धपाउन सकियो जसको पछि बेलायतीहरूले रोममा जीवितै जलाइएका थिए ।

**स्टालिन** : विश्व वामपन्थी आन्दोलनका सक्रिय योद्धा रुसमा लेनिनको समयपश्चात् प्रधानमन्त्री बनेका ।

**विन्सटन चर्चिल** : विश्वप्रसिद्ध राजनीतिज्ञ तथा बेलायतका दोस्रो विश्वयुद्धको दौरानका प्रधानमन्त्री ।

**रूसो** : अठारौं शताब्दीका फ्रान्सका विश्वप्रसिद्ध दार्शनिक, सोसल कन्ट्र्याक्ट यिनको चर्चित कृति हो ।

**लियो टल्सटोय** : सोभियत रुसका विश्वप्रसिद्ध साहित्यकार तथा वार एन्ड पिसका रचनाकार ।

**श्रीमती मार्गरेट थ्याचर** : एक संसार प्रसिद्ध बेलायती महिला प्रधानमन्त्री तथा राजनीतिज्ञ जसले एडवड हिथलाई हराएर ब्रिटेनको कन्जरभेटिभ दलको नेता भइन् अनि बेलायतको पहिलो महिला प्रधानमन्त्री बनेकी थिइन् ।

**सनयात सेन** : चीनका प्रसिद्ध राजनीतिज्ञ तथा गणतन्त्र चीनको पहिलो राष्ट्रपति ।

**होमर** : प्राचीन युनानका विश्व प्रसिद्ध महानतम् कवि थिए यिनी ।

प्रेरक

## अनुभवीको सल्लाह



एक राजाका चार छोरा थिए। चारै राजकुमार बाँदरसित खेल्न पाउँदा खुब रमाउँथे। राजाले दरबारमै बाँदरको बथान राख्ने व्यवस्था मिलाएका थिए। दरबारको पशुशालामा भेडाको बथान पनि थियो। एउटा भेडाले दरबारको भान्छा देखेको थियो। उसले मौका पाउनासाथ भान्छामा घुसेर त्यहाँ पाकेका खानेकुरा खाने गर्थ्यो। भान्छेहरूले थाहा पाएपछि त्यसलाई कुटेर लखेट्थे। तर, फेरि अर्को दिन भेडा पुनः मौका पाउनासाथ भान्छामा घुसेर त्यहाँ पाकेका खानेकुरा खाइहाल्थ्यो।

भेडाले भान्छामा पसेर खानेकुरा खान थालेको एउटा बुढो बाँदरले सुइँको पायो। यसबाट उसलाई आफूहरूमाथि गम्भीर विपत्ति आइपर्ने आशंका भयो। उसले तुरुन्तै आफ्ना सबै साथीहरूलाई बोलायो र दरबार छाडेर जंगलतिर जाने समय आएको बतायो। तर, वृद्ध र अनुभवी बाँदरको कुरा कसैले पनि मानेनन्। अन्तिममा निकै दुःखी भएर वृद्ध बाँदर एक्लै जंगलतिर लाग्यो।

केही दिनपछि भेडाले सधैंझैं भान्छामा पसेर खाना खाइरहेको थियो। भान्छेले उसलाई देखेपछि बलिरहेको अगुल्टो उसको ढाडमा झोसिदियो। भेडाको शरीरको ऊनमा आगो सल्कियो। भेडो डराएर नजिकै रहेको तबेलामा पस्यो। तबेलामा पनि आगो सल्कियो। जसले गर्दा तबेलामा भएका घोडा पनि घाइते भए।

यस घटनाबारे थाहा पाएपछि राजाले राजवैद्यलाई बोलाएर घोडाको उपचार गर्न लगाए। घोडाहरूको हालत देखेर राजवैद्यले भने- महाराज यिनको उपचारका लागि बाँदरको बोसोबाट औषधि तयार गर्नुपर्छ। राजवैद्यको भनाइ सुन्नासाथ राजाले दरबारमा रहेका सबै बाँदरलाई मारेर तिनको बोसो निकाल्ने आदेश दिए। बाँदरको बोसोबाट औषधि तयार गरेर घाइते घोडाहरूको उपचार सुरु गरियो। वृद्ध र अनुभवी बाँदरको कुरा नमान्दा बाँकी बाँदरले बित्थामा ज्यान गुमाए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आवेशमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ, सजग रहनुपर्ला। ईर्ष्या गर्नेहरूले नै काममा अवरोध पुर्याउन सक्छन्। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला। मिहिनेत गर्दा जटिल ठानिएको काम पनि सम्पादन हुनेछ। रोकिएका काममा भने दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला। स्वयं नजुट्दा काम बिग्रनेछ।

### वृष

अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला। सहयोगीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। अप्ठ्यारो पर्दा साथ दिने थोरै हुनेछन्। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ। मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला। बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ।

### मिथुन

पहिलेको संकल्प पूरा गर्न समय लाग्नेछ। काम सुरुवात भए भए पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। तापनि बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। विचारले अरूलाई आकर्षण गर्न सकिनेछ। तर, परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

### कर्कट

आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

### सिंह

खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि उपलब्धि हातपार्न सकिनेछ। शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ। तर सानो कामलाई अत्यधिक खर्च हुनेछ। बेसुरको निर्णयले पछिलाई समस्या पर्न सक्छ। छर-छिमेकमा असमझदारी बढ्नेछ। आफन्त पनि टाढा हुनेछन्।

### कन्या

कर्मयोगबाट विशेष फाइदा हुनेछ। व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ। नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आलोचकहरूले भने आफ्ना कमजोरी खोतल्न सक्छन्। पहिलेको उपलब्धि र आम्दानी जोगाउन समस्या पर्नेछ।

### तुला

उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला। काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ने देखिन्छ। मिहिनेतले आंशिक सफलता प्राप्त हुनेछ। फाइदा कमै भए पनि आँटेको काम सम्पादन हुनेछ। आफ्नो कमजोरी बाहिरिनाले आलोचकहरू बढ्न सक्छन्। अरूको उपकार गर्न सकिनेछ। तर धेरै समर्पणले पनि स्वाभिमानमा दाग लाग्न सक्छ। लगनशीलताले मात्र लक्ष्यमा पुग्न सकिनेछ।

### वृश्चिक

प्रयत्न गर्दा अवसर पाइनेछ। परोपकारी काममा सहभागी भइनेछ। तर आफ्ना कमजोरीको फाइदा उठाउनेहरू निकै सक्रिय हुनेछन्। धेरै समय अरूका लागि जुट्नुपर्नेछ। लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला। श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र प्राप्त हुने देखिन्छ। तापनि कामलाई निरन्तरता दिन सकिनेछ। व्यवसायतर्फ हिसाबकिताबमा होसियार रहनुहोला।

### धनु

व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। बेसुरमा काम गर्ने बानीले समस्या निम्त्याउन सक्छ। समयमा गम्भीर नबन्दा व्यर्थैमा दुःख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। कामको चाप बढ्नेछ भने बाध्यात्मक परिस्थितिले पनि अलमल्याउन सक्छ।

### मकर

माहोल रमाइलो रहनेछ। साथीभाइसँग भेटघाट हुनुका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। व्यावसायिक यात्राको योग छ। अतिथिको रूपमा सत्कार पाइएला। प्रेम र मित्रताको बन्धन कसिनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। काममा मिहिनेतको फल प्राप्त हुनेछ। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। व्यापारमा पनि मनग्य धनलाभ हुनेछ।

### कुम्भ

विवादास्पद काममा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ। अवसरवादीहरूबाट सजग रहनुहोला। आफ्नै कमजोरीले चिन्ता बढाउन सक्छ। परिस्थिति अलि संघर्षपूर्ण रहला। बलजफ्तीले समस्या निम्त्याउन सक्छ। आफ्ना सामानमा अरूले दाबी गर्लान्। ईर्ष्या गर्नेहरूले सताए पनि केही सहयोगी जुट्नेछन् र आस मारेको नतिजा अन्त्यमा सकारात्मक हुनेछ।

### मीन

अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। चिताएको काममा मेसो नमिल्दा योजना पूरा नहुन सक्छ। आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्। स्वास्थ्य-चिन्ताले सताउन सक्छ। अध्ययनमा बाधा हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। नयाँ काम थाल्न शुभचिन्तकहरूले मात्र साथ दिनेछन्। सबैतिरबाट सफलताको शिखरमा पुग्ने समय आएको छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Zoom = ठूलो आवाज गरी वायुवेगमा कुद्नु The jet zoomed low over our heads जेट हाम्रै टाउको माथिबाट ठूलो आवाज गरी उडेर गयो।

Alacrity = खुसीसाथ स्वीकार गर्नु He accepted my invitation with alacrity उसले मेरो निमन्त्रणा खुसीसाथ स्वीकार गऱ्यो।

Burlesque = हँसाउने पाराबाट नक्कल गर्नु। ब्यंग्य गर्नु He is professional in making political burlesque हँसाउने पाराबाट राजनीतिक ब्यंग्य गर्न ऊ पोख्त छ।

Cogent = विश्वास गर्न सकिने। भरपर्दो। तर्कसंगत His idea of joining American university was cogent अमेरिकी विश्वविद्यालयमा भर्ना हुने उसको विचार तर्कसंगत छ।

Dichotomy = फुट। दुई चिरा हुनु Between the dichotomy of civil war and division, Gandhi had to choose division finally विभाजन कि गृहयुद्ध भन्ने विवादमा गान्धीले अन्त्यमा विभाजन रोज्नु पऱ्यो।

Enervate = कमजोर बनाउनु He is very slow to recover from the disease and even a short walk enervates him उसको रोग निको हुने प्रक्रिया ज्यादै विस्तारै भएको कारणले गर्दा थोरै हिँडाइले पनि उसलाई कमजोर गराउँछ।

Fledgling = सतही, अनुभवको अभाव भएको, नखारिएको A fledgling bird can not fly for a longer time उड्न सिक्दै गरेको चरा धेरै लामो समयसम्म एकनासले उड्न सक्तैन।

Guffaw = होहल्ला The laud guffaw coming out of the room indicates that the matter has not yet settled कोठाबाट बाहिर आइरहेको चर्को होहल्लाले कुरा अझै नमिलेको इंगित गर्दछ।

Hummock= सानो पहाड He is so fat and ascent even of a hummock is very difficult for him उ यति मोटो छ कि सानो पहाड चढ्न पनि उसलाई कठिन हुन्छ।

Impervious = नखिइने। पातलो हुँदै जाने। हानी पुऱ्याउन नसकिने This carpet is very much thick and impervious to ordinary wear and tear यो गलैंचा यति बाक्लो छ कि साधारण प्रयोगबाट यो पातलो हुँदै गई प्वाल पर्दैन।

## Bring बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bring out something = प्रस्तुत गर्नु Toyota is bringing out new model this year टोयोटाले यो वर्ष नयाँ मोडल बजारमा ल्याउँदैछ।

Bring somebody up = हुर्काउनु After death of his parents, his uncle brought him up बाबुआमाको मृत्युपश्चात उसलाई उसको काकाले हुर्काए।

Bring somebody up = आदेश दिनु Commander brought the soldiers up to the frontline कमाण्डरले आफ्ना सिपाहीहरूलाई अग्रमोर्चामा खटिने आदेश दियो।

Bring somebody up = दक्ष बनाउनु he is very weak in mathematic so we have to bring him well up before the examination ऊ गणितमा कमजोर छ, त्यसैले परीक्षाअगावै उसलाई त्यसमा दक्ष बनाउनु पर्छ।

Bring something up = थप्नु We have to bring more tanks up to win the battle लडाइँ जित्ने हो भने हामीले केही टैंकहरू थप्नु पर्छ।

Bring something up = वान्ता गर्नु Immediate after having lunch, he brought all up लञ्च गर्ने बित्तिकै उसले पुरै वान्ता गऱ्यो।

Bring something up = उठाउनु We have to bring this issue up in next meeting हामीले यो कुरा अर्को बैठकमा उठाउनु पर्छ।

Bring something up = थप्नु We have to bring more tanks up to win the battle लडाइँ जित्ने हो भने हामीले केही टैंकहरू थप्नु पर्छ।

Bring up to = सिकाउनु Traffic police brought him up to respect traffic rules ट्राफिक प्रहरीले उसलाई ट्राफिक नियम सम्मान गर्न सिकायो।

Bring somebody up on = समात्नु Police brought him up on a charge of drunken driving मादक पदार्थ सेवन गरी मोटर चलाएकोमा प्रहरीले उसलाई समात्यो।

Bring somebody up against = सामना गर्नु Working in the urban slum brought him up against the realities of poverty शहरी फोहरमैलाको क्षेत्रमा काम गर्दागर्दै उसले गरिबीको कसरी सामना गर्ने भन्ने यथार्थ बुझ्यो।

### सुडोकु-अंक २७१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७ | | | | ६ | | २ | |
| | ५ | | | | | ४ | ९ | |
| ८ | | | | ३ | | | | |
| | | ४ | ८ | | २ | | | |
| १ | | | | ९ | | | | २ |
| | | | ६ | | ५ | ८ | | |
| | | | | ४ | | | | ३ |
| | ९ | ६ | | | | | ७ | |
| | ३ | | ९ | | | | ८ | |

### अंक २७० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ८ | २ | ९ | ६ | ५ | ७ | ४ |
| ५ | २ | ४ | ७ | १ | ८ | ३ | ९ | ६ |
| ६ | ९ | ७ | ५ | ४ | ३ | ८ | १ | २ |
| २ | १ | ५ | ६ | ७ | ९ | ४ | ३ | ८ |
| ७ | ४ | ९ | ३ | ८ | ५ | २ | ६ | १ |
| ८ | ६ | ३ | १ | २ | ४ | ७ | ५ | ९ |
| ४ | ७ | २ | ९ | ५ | १ | ६ | ८ | ३ |
| ३ | ५ | १ | ८ | ६ | २ | ९ | ४ | ७ |
| ९ | ८ | ६ | ४ | ३ | ७ | १ | २ | ५ |

## समाचार

### नेपाली उपभोक्ता संरक्षण महासंघले पायो पूर्णता



काठमाडौ। कालोबजारी गुणस्तरीयहिन बस्तु तथा सेवाको पूर्ण निस्कृयता, उपभोत्ताको हक हितको लागि जनस्तरको खबरदारी हाम्रो प्रतिबद्धता भन्ने मूख्य नारा सहित गृह मन्त्रालय मार्फत उधोग बाणिज्य तथा आपूर्ति मन्त्रालय सहितको रायमा स्थापीत नेपाली उपभोक्ता संरक्षण महासंघले पूर्णता पाएको छ।

महासंघको सोमबार बसेको केन्द्रीय समितिको बैठकले पदाधिकारी चयन गरेको हो। गत साउन २६ गते सम्पन्न अधिबेसनबाट चन्द्र साउदको नेतृत्वमा ४३ सदस्य नयाँ कार्यसमिति ३ बर्षको लागि निर्बाचित गरेको छ। तिनै निर्बाचीत सदस्यहरूबाट पदाधिकारी चयन गरेको नबनिर्बातित उप महासचिब लुमडी बहादुर कार्कीले जानकारी दिए।

उपभोत्ता संरक्षण महासंघको अध्यक्षतामा चन्द साउद बरिष्ठ उपाध्यक्षमा इन्द्र राज भट्टराई उपाध्यक्षमा लक्ष्मी शर्मा, मनोज अधिकारी, सुमन लामा, सुरेन्द्र जोशी,अजुन श्रेष्ठ, अर्जुन खड्का, र अजय महतोलाई जिम्मेबारी दिएको छ भने उपमहासचिबमा लुमडी बहादुर कार्की र सोनाम लामा , तथा सचिबमा उज्जल श्रेष्ठ, बिजय गौतम, समिर राना, सोबितमान गिरी, रोहीत बहादुर खत्रीलाई चयन गरेको छ। कोषाध्यक्षमा रोयक्षा केसीलाई चयन गरेको छ। महासचिब र सहकोषाध्यक्ष भने चयन हुन बाँकी रहेको उप महासचिब लुमडी बहादुर कार्कीले जानकारी दिए। नेपाली उपभोत्ता संरक्षण महासंघको प्रथम एतिहासिक राष्ट्रिय महाधिबेसनको उद्धाटन महानायक राजेश हमालले गरेका थिए।

अध्यक्ष चन्द्र साउदले नेपालको कालोबाजारी, भ्रष्टाचार, गुणस्तरहिन् अखाद्य-बिषादी बस्तुको निर्मुलिकरण गरी सर्ब-साधारणको चुलोमा स्वस्थ खाना र जीवनमा स्वस्थता ल्याउन महासंघले अल्पकालिन र दिर्धकालीन कार्यक्रम संञ्चालन गर्ने जानकारी दिए।

## माग पूरा नभए आन्दोलन गर्ने चेतावनी

काठमाडौं। नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले आफूहरूले उठाएको माग पूरा नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिएको छ। महासंघको साना लगानी तथा स्वरोजगारमूलक मिडिया समन्वय विभागको आयोजनामा आइतबार भृकुटीमण्डप शाखा कार्यलयमा बसेको बैठकले विभिन्न १५ बूँदे माग राखेको छ।

केही दिनअघि गठन भएको साना लगानी तथा स्वरोजगारमूलक मिडिया समन्वय विभागले आफ्नो काम थालेको विभाग संयोजक रमेश कुमार बोहोराले बताए। बोहोराकै संयोजनमा भएको भेलाले आइतबार पत्रिकाका सम्पादक तथा प्रकाशकसँग अन्तरक्रिया गरेको हो। छलफल ठुलो संख्यामा सम्पादक / प्रकाशकको उपस्थित रहेको थियो संयोजक बोहोराले छलफलमा आएका सुझावलाई ध्यानमा राखेर भोलिको दिनमा काम गर्ने बताए। 'हामीले राखेका माग सही छन्, पत्रिका र पत्रकारका पक्षमा एजेण्डा बनाएका छौं' बोहोराले भने ' हामी आफ्ना माग लिएर सरोकारवाला निकायसँग छलफल गरेर निकासको बाटो खोज्छौं, हाम्रो कुरा सुनिएन भनें आन्दोलनमा जानुपर्ने हुन्छ।' रमेश कुमार बोहोराले पत्रपत्रिका र पत्रकारका पक्षमा आवाज उठाउँदै आएका छन्। उनले महासंघले सशक्त रुपमा आवाज उठाउने हो भनें छोटो समयमा नै धेरै काम गर्न सकिने पनि जनाएका छन्।

विभागले पत्रकारिता र पत्रिका प्रकाशनमा देखिएका केही समस्यालाई बुँदागत रुपमा उल्लेख गरेको छ। विभागले काठमाडौं उपत्यकाका तीनवटै जिल्ला, उपत्यका प्रदेश र यहाँबाट निर्वाचित केन्द्रीय सदस्यसँग छलफल गर्ने जनाएको छ। विभागले अघि बढाएका एजेण्डा यसप्रकार रहेका छन्।

१. विज्ञापन बोर्डले पत्रिकालाई लोककल्याणकारी विज्ञापनबापत दिने रकम विभिन्न बहानामा आर्थिक वर्ष २०७८/०७९ को काटिएको रकम बिनाशर्त तुरुन्त भुक्तानी गर्नका लागि सशक्त रुपमा भूमिका खेल्ने।

२. नेपाल पत्रकार महासंघ काठमाडौं शाखा, ललितपुर शाखा र भक्तपुर शाखाको समेत सहभागितामा यस समितिले सरोकारवाला सबैलाई समावेश गरेर वृहत छलफल गर्ने।

३. विज्ञापन बोर्डले पत्रपत्रिकालाई हालै माग गरेको सूचीकृतको विरोध गर्ने र तत्काल यो व्यवस्था खारेज गर्नका लागि पहल गर्ने।

४. विज्ञापन बोर्डले लोककल्याणकारी विज्ञापनबापतको रकममा ३ प्रतिशत काटिरहेको हुँदा त्यसलाई तुरुन्त हटाउनका लागि पहल गर्ने। हालसम्म काटेको रकमसमेत भुक्तानी गर्न आग्रह गर्ने।

५. विज्ञापन बोर्डमा पत्रपत्रिकाको बिल बुझाउने समय ७ गतेबाट थप गरी १५ गतेसम्म बनाउन पहल गर्ने।

६. विज्ञापन बोर्डले आफू पनि समानुपातिक विज्ञापन लागू गर्न नसक्ने र विभिन्न सरकारी कार्यालयबाट पत्रपत्रिकालाई थोरैमात्रामा भए पनि आइरहेको विज्ञापनलाई रोकेर बोर्डमार्फत नै विज्ञापन दिनु भन्दै पत्र काटेकोप्रति विरोध गर्ने।

७. बिज्ञापन बोर्डबाट स्वीकृत भएका जुनसुकै समय सान्दर्भिक विज्ञापन प्रकाशन गरे पनि त्यसको भुक्तानी गर्न बिज्ञापन बोर्डलाई दबाब दिने।

८. पत्रपत्रिकालाई सहज नभएको खण्डमा विज्ञापन बोर्डलाई खारेज गरी पुरानै ढंगमा सूचना विभागमार्फत लोककल्याणकारी विज्ञापनको रकम भुक्तानी दिने व्यवस्था मिलाउन सम्बन्धित निकायसँग पहल गर्ने।

९. प्रेस काउन्सिल नेपालबाट गरिने पत्रपत्रिकाको वर्गीकरणमा समावेश हुँदा लाग्ने शुल्क मिनाहा गर्नका लागि पहल गर्ने।

१०. प्रेस काउन्सिल नेपालबाट गरिने वर्गीकरणमा समावेश भई वर्गीकरणमा परेपछि कम्तीमा ५ वर्षसम्म समावेश हुनु नपर्ने व्यवस्था मिलाउनका लागि पहल गर्ने। साथै नयाँ प्रकाशन भएका पत्रपत्रिकालाई पहिलो वर्षमा नै वर्गीकरण खुलाई उनीहरूलाई वर्गीकरणमा समावेश गराउन पहल गर्ने।

११. आउँदै गरेको संघीय निर्वाचनमा निर्वाचन आयोगबाट सूचनाका लागि पहल गर्ने र वर्गीकरणका आधारमा कम्तीमा दुई महिना बराबरको रकम भुक्तानीको व्यवस्था मिलाउन यस समितिले पहल गर्ने।

१२ नेपाल टेलिकम, नेपाल राष्ट्र बैंक, खाद्य संस्थान, नेपाल आयल निगम, नापी विभाग, स्वास्थ्य, विभाग, सडक विभाग, स्थानीय तहमा र भन्सार विभागजस्ता सरकारी कार्यालयहरूमा पत्रपत्रिकाका लागि वर्षमा कम्तीमा ४ पटक सम्पूर्ण पत्रपत्रिकालाई समान रुपबाट सूचना तथा व्यावसायिक विज्ञापन प्रकाशन गर्ने व्यवस्था मिलाउन यो समितिले सशक्त रुपमा भूमिका खेल्ने।

१३.सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्रदान गरिने जेष्ठ पत्रकार, आजिवन बृत्ति भत्ताको लागि उमेर हद घटाई ५० र निरन्तर ३० वर्षसम्म सक्रिय पत्रकारिता गरिरहनु भएका पत्रकारहरूलाई कम्तीमा मासिक १५ हजारका दरले उपलब्ध गराउन सम्बन्धित निकायमा यस समितिले पहल गर्ने।

१४. लोककल्याणकारीको रकम, विज्ञापनको रकम कम्तीमा ५० प्रतिशत बृद्धि गर्न सम्बन्धित निकायसँग सशक्त रुपबाट यस समितिले पहल गर्ने।

१५. सूचना तथा प्रशारण विभागबाट गरिँदै आएको दुर्घटना विमालाई परिवर्तन गरी जीवन बिमा गराउन पहल गर्ने।

साना लगानी तथा स्वरोजगारमूलक मिडिया समन्वय विभागका संयोजक रमेश कुमार बोहोराले छोटो समयमा कार्यक्रमको तयारी गरेकाले कतिपय कुरा नसमेटिए पनि आगामी दिनमा नियमित रुपमा छलफल गरेर सबै विषय समावेश गर्ने जनाएका छन्। उनले छलफलमा सहभागी सबैप्रति आभार व्यक्त गरेका छन्।

# OUR FUTURE REFLECTED IN PAINTINGS OF CHILDREN

Recently, the 31st International Competition and Exhibition of Children's Painting and the 8th Asian Exhibition of Children's Painting were held in Russia and China. Tens of pieces of our children's paintings took the first, second and third place at the exhibitions and their exceptional talents attracted attention of many participants.

Our children's works were highly praised at the exhibitions as they run through with the themes of national tradition, love for nature, dynamic and true life. This served as another occasion for the world to know the reality of the DPRK, the kingdom of children, and the bright future of the socialist system.

Media of several countries of the world reported that the Korean children fully demonstrated at the exhibitions their hopes and talents coming into full bloom under the superior socialist system of education.

While watching the works of prodigies, the audience expressed their great envy and admiration as follows:

It is today's reality where gifted children can hardly display their talents if their parents cannot afford it. There are still many poor prodigies in the world. Children are receiving a superior education and growing up happily under the ardent love of the esteemed General Secretary **Kim Jong Un** who always puts them in the first place and spares nothing for them even in the protracted global health crisis. These children, masters of future, will make Korea's tomorrow brighter.

In human history, there have been educators who dedicated all their assets and life to the education of younger generation. And not a few politicians pledged to enact social welfare policy for children.

But we cannot find such a benevolent father as the respected Comrade **Kim Jong Un** both in the past and present world. He has a lofty affection and love for the children and firmly protects their bright future even in the face of manifold trials.

So all the children in our country, regardless of whoever and wherever they may be, are living their dreams and honing their talents to their hearts' content in the advanced education system which discovers children's budding talent even before their parents find it and train them to be the up-and-coming talent and genius.

Our tomorrow will be brighter and rosier thanks to the respected Comrade **Kim Jong Un**, who is building up a grand flower garden of love for future.

**Inhumane barbarity and a biochemical weapon attack against the same nation**

(Result of the Fact-Findings of the State Emergency Epidemic Preventing Headquarters)

The National Meeting of Reviewing the Emergency Anti-Epidemic Work was convened in the Democratic People`s Republic of Korea (DPRK) on August 10, 2022 to review the successes and experience gained from the work of terminating the COVID-19 crisis that persisted for the past three months and to discuss the future measures to prevent its recurrence. During the meeting, there was an in-depth discussion on the ways to hold in check the inflow of malignant virus from the outside, given that the goal of anti-epidemic struggle has been attained to turn the territory of the DPRK into a virus-free zone within the shortest period of time and that the conditions have been created to prevent the recurrence of the malignant disease by eradicating it within the country.

As was already reported on June 30, the State Emergency Epidemic Preventing Headquarters formed an investigation committee comprised of relevant specialized agencies, launched an investigation of the inflow path of the stealth omicron variant BA.2 that rapidly spread across the country, and arrived at the scientific conclusion that Ipho-ri, Kumgang County, Kangwon Province, an area that borders on the Minlitary Demarcation Line with south Korea, was the place that sparked off the spread of the malignant disease.

The investigation committee was comprised of all relevant bodies including the authoritative scientific research institutions of the country, national security organs, judicial and prosecution organs. While conducting an in-depth investigation across the country into the inflow path of the malignant virus, it grasped the fact that the fever cases were first reported among several people who were entering the capital city from Ipho-ri area, Kumgang County, Kangwon Province, and that fever cases suddenly exploded among those who met with the above-mentioned people.

At the same time, it was confirmed that until mid-April, the fever cases that occurred in all other regions and units across the country, except for this region, were due to other diseases, and there had been no explosive increase of fever cases.

The investigation committee conducted a multi-faceted, anatomical and full-scale investigation and analysis in Ipho-ri, Kumgang County of the factors that might well serve as an inflow path of the malignant virus. Based on the findings, it uncovered the fact that an 18-year-old soldier and a 5-year-old child touched the object respectively, which were scattered by balloons from south Korea on the hillocks near the barracks and residential area.



















Given their clinical characteristics, epidemiological links, and antibody test results, the investigation committee finally corroborated the fact that the Ipho-ri, Kumgang County, Kangwon Province which borders with south Korea is the very place where the malignant virus first made its way into our country and that such an inflow was caused by contact with leaflets and other objects contaminated by the airborne virus from south Korea.

The rapid spread of COVID-19 in our country was started between late April and early May. The area which recorded the most severe cases and high mortality rate was Kangwon Province. The areas bordering with China and Russia including North Pyongan Province and North Hamgyong Province had few fever cases at the outset of COVID-19 and were belatedly confirmed to have the infectious cases.

All the above points indicate that, for our country with the well-established and the most strict border closure and anti-epidemic quarantine system in the world, the only uncontrolled channel of virus inflow was the scattering of objects by airborne balloons from south Korea.

Taking into serious consideration of the possible negative impact of the above-mentioned findings on inter-Korean relations, the State Emergency Epidemic Prevention Headquarters of the DPRK, together with other competent authorities, have reexamined and reaffirmed the findings over and over again through several channels, though such was an objective fact confirmed beyond doubt in a scientific manner. However, the results always pointed at the same conclusion.

It is an internationally-accepted scientific view that surface of object must be thoroughly disinfected as there is a possibility that the novel corona virus can be transferred not only through air but also by contact with an object. In May 2020, WHO published a report that it was confirmed that the novel corona virus can survive up to 7 days on the surface of face mask, 4 days on stainless steel and 2 days on glass. It underlined the importance of disinfection of surface given the fact that possible infection by corona virus through contact with object cannot be excluded. According to the data released across the world from February to March 2022, omicron virus survived as long as 6.4~9.8 days on plastics(8.1 days on average), 7 days on stainless steel and the surface of glass, 2 days on fabrics and 30 minutes on paper. In Mach 2022, a south Korean press agency reported that prestigious university research institutes in France, Japan and Hong Kong confirmed on a scientific basis that stealth omicron virus can survive on the surfaces of objects as many as 2~5 times longer than the original virus and other strains like alpha, beta,gamma and delta. University of Michigan announced that virus was detected on 1.4 percent of specimens after totally analyzing more than 500 specimens of surfaces this year. Prestigious scholars of the U.S. including a professor at Virginia Institute of Technology asserted that the spread of virus through surfaces and hands should be prevented by handwashing, warning against the danger of virus spread through surface. Notably, from the end of Mach to the beginning of April 2022, Beijing, Shaoxing of Zhejiang Province, Changzhou of Jiangsu Province and Dalian of Liaoning Province, China carried out an investigation into the infectious people locally confirmed positive to stealth omicron virus. As a result, they affirmed that the virus was transmitted through imported clothing from south Korea, and took measures to strengthen quarantine and disinfection on the goods imported from south Korea.

More serious thing is the fact that the defectors from the north in south Korea, with the tacit approval and encouragement of the present south Korean authorities, let loose more than 30 large balloons in only April and June to scatter hundreds of thousands of leaflets and dirty things into our territory, openly insisting that the novel coronavirus should be transmitted to the north Korea.

The above-mentioned facts prove that the spread of COVID-19 through objects is not a negligible or unproven hypothesis as asserted by the south Korean authorities, but a thoroughly scientific and objective truth. They also prove that the cause of the recent spread of stealth omicron virus in our country and in the neighboring countries is none other than south Korea.

Even if the possibility of COVID-19 infection through the surface of objects is 0.001%, a single case of the malignant virus infection or a piece of contaminated object can infect numerous people in an instant, creating serious anti-epidemic crises. This is a clear-cut fact which cannot be refuted.

When we consider for this objective reality, the flying of filthy things contaminated with malignant virus into our territory by south Korea cannot be construed otherwise than inhumane barbarity and a kind of biochemical weapon attack which cannot be imagined by the same nation.

Despite all these facts, the south Korean authorities insist that the possibility of getting infected from the things spread through balloons is almost zero. Instead, like a guilty party filing the suit first, they say that we are trying to take this issue as a pretext for provocation against southKorea, and they continue to incite the defectors from the north to scatter leaflets and things.

If we further tolerate such barbarity by the south Korean authorities, COVID-19 would possibly inflow into our territory again which will drive the inter-Korean relations to acute state of confrontation and invite unimaginable serious consequences for the situation on the Korean peninsula and its surrounding region.

We expect the international society treasuring justice and conscience to raise its voice of condemnation against the south Korean authorities for their anti-national and inhumane acts, and strongly urge them to acknowledge their responsibility and punish those responsible and not to send again dirty things into the territory of the Democratic People`s Republic of Korea.

## कोलम्बियामा...

सपथ लिइसकेका छन् । उनी सन् २०११ मा गठित ह्युमन कोलम्बियाका नेता हुन् । यसअघि राजधानी बोगोटाको मेयर रहेका उनी सन् १९७० को दशकमा सरकारविरुद्ध लडेका र संगठन एम १९ का खुँखार छापामार थिए । उनी अर्थशास्त्री पनि हुन् । एम १९ ले दक्षिण अमेरिकाका हिरो सिमोन बोलिभरको आदर्शसहित क्रान्तिकारी समाजवादको स्थापनालाई आफ्नो लक्ष्य मानेको थियो । यो समूहले अर्जेन्टिनी छापामार नेता डा. चेग्वेभारा र उनका फ्रान्सिसी मित्र रेगिस डेंब्रेलाई आदर्श व्यक्तित्व मान्छ । सन् १९७४ देखि १९९० सम्म कोलम्बियाको दक्षिण तथा मध्यभागतिर छापामार गतिविधिमा सक्रिय एम १९ मार्क्सवादी छापामार संगठन (फार्क) पछिको सबैभन्दा ठूलो संगठन हो । नवनिर्वाचित राष्ट्रपति पेड्रो उक्त संगठनमा १७ वर्षको उमेरदेखि नै लागेका हुन् । पछि यो दल खुला प्रतिस्पर्धी राजनीतिमा सामेल भयो र उल्लेखनीय सिट जित्न सफल भयो । पेड्रो पनि सन १९९८ मा तल्लो संसद चेम्बर अफ रिप्रिजेन्टिटिभमा निर्वाचित भए र सन् २००६ सम्म सो पदमा रहे । राष्ट्रपति पेड्रोकी श्रीमती भेरोनिका अन्कोसर हुन् ।

## नागरिकता विधेयक...

कार्यसूचीमा नागरिकता विधेयकलाई अहिलेसम्म राखेको छैन । यसैले विधेयक राष्ट्रपतिसमक्ष कहिले पुग्ने हो यकिन छैन । यसैबीच प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओली अस्ति बुधबार बालुवाटार पुगेर प्रधानमन्त्री देउवासँग भेट्दै नागरिकता र संक्रमणकालीन न्यायसम्बन्धी विधेयक बहुमतको बलमा राष्ट्रिय सहमतिबिनै पारित गर्न खोजिएकोमा असन्तुष्टि जनाएका छन् । संविधान र संसदीय लोकतन्त्रको मानमर्दन हुने गरी विधेयक बहुमतको बलमा पास गर्न खोजेको र त्यसो गरे यिनै मुद्दा लिएर जनताकहाँ जाने ओलीको सन्देश छ । यी दुईवटा विधेयकलाई एमालेले चुनावी एजेन्डा बनाउने बुझेपछि सत्ता गठबन्धन केही हच्किएको छ । नेपाली कांग्रेसले नागरिकता विधेयक छिटो टुंग्याउने विषयमा आफ्नो गतिलाई सुस्त बनाएको छ ।

जबसम्म धरतीमा देशहरू रहन्छन्, जनता रहन्छन्, तबसम्म नागरिकताको विषय विद्यमान रहन्छ । नागरिकता भनेको मुलुकको नागरिकको परिचयपत्र हो, र यो संवेदनशील र गम्भीर विषय हो । हचुवाका भरमा हरेक निर्वाचनका अघि सरकारले नागरिकता वितरण गर्ने गरेको छ । लाखौं भारतीय आप्रबासीहरूले नेपाली नागरिकता पाएका छन् । बिहेको जग्गेमै विदेशी बुहारीलाई अंगिकृत नागरिकता दिने विधेयकको प्रस्तावले नेपाली महिलाहरू अल्पमतमा पर्न सक्ने त्यत्तिकै खतरा छ । अंगिकृत नागरिकता भएकाहरूले निर्वाचनमा उठन्, संसद र मन्त्री बन्न सक्छन् । अचम्म के छ भने अंगिकृत नागरिकतावाला गृहमन्त्री हुन्छ अनि वंशजको नागरिकता भएको प्रहरी प्रमुखले अंगिकृत नागरिकताधारी गृहमन्त्रीको आदेशको पालना गर्नुपर्छ । यसले वंशजको नागरिकताको महत्वलाई समेत बाल गनेको छैन ।

भारतीय शासक वर्गको जोडबलमा अहिलेको नागरिकता विधेयक ल्याइएकोमा कुनै शंका छैन । प्रधानमन्त्री देउवा पछिल्लो समयमा भारतीय लबिमा प्रवेश गरिसकेका छन् । इन्डो अमेरिकन लबी नै अहिलेको गठबन्धन सरकार हो । माओवादी अध्यक्ष प्रचण्ड पूर्णतः भारतपरस्त व्यक्ति हुन् । यिनले भारतमै बसेर भारतकै सहयोगमा नेपालमा नरसंहार मच्चाएको कसैबाट छिपेको छैन । माधव नेपाल त पहिले नै भारतीय सेना ल्याएर राजतन्त्र फ्याँक्न खोज्ने भारतीय दलाल हुन् । राजतन्त्र खतम नगरी नेपाललाई फिजीकरण गर्न नसकिने रअको विश्लेषण अनुरुप नेपालको राजतन्त्र संविधानसभामार्फत समाप्त पारियो । यस्तै नागरिकता विधेयक २०५२ मा राजा वीरेन्द्रले रोकिदिएका थिए । उनको वंश विनाश गरियो । नेपालभित्र नेपालीहरूलाई अल्पमतमा पारेर फिजीकरण गर्दै नयाँ महिन्द्रा चौधरीको अभ्युदय गर्ने भारतीय अभिष्टतालाई शितलनिवासले पूरा हुन दिनु हुँदैन । राष्ट्रपतिका साथमा बलशाली जनता हुनेछन् ।

## बूढानीलकण्ठ...

नगरपालिकाबाट अनुदानमा सस्तोमा वितरण गरिएको कुरा वडा अध्यक्षले बताउनुभयो ।

नगरपालिकाका मेयर मिठाराम अधिकारीले प्रत्येक घरले रिचार्ज वेल बनाएमा त्यसलाई ५० प्रतिशत अनुदान दिने कार्यक्रम बनाउनु भएको कुरा बताउनुभयो । अहिले कपन क्षेत्र पुरा डुवानमा परेको छ । यदि सबै घरको पानी जमिनमा रिचार्ज गर्न सकिएमा खोलामा बाढी आउने कम अवसर हुनेछ । यदि प्रत्येक घरमा रिचार्ज वेल बनाउन नगरपालिका सफल भएमा धेरैजसो पानी जमिनमा रिचार्ज भएर जानेछ । त्यसपछि जमिनभित्रको पानीको सतह माथि आउने छ । पहिला २५।३० फिट खन्दा इनारमा पानी आउँथ्यो, अहिले १०० फिट खन्नु पर्छ । केही समयपछि २।३ सय फिट खनेपछि मात्र पानी आउंन सक्छ । मेयर अधिकारीले कौशी खेतीमा जोड दिनुपर्नेमा सबैलाई आग्रह गर्नुभयो । सधैंभरि भारतीय तरकारीमा मात्र भर नपरौं । कुनै दिन गहुँ, दाल जसरी तरकारी पनि भारतले रोक्न सक्छ र यसतर्फ सरकारले बेलैमा सोचोस् ।

त्यस्तै जमिनमा पानी रिचार्ज गर्नेतर्फ नगरपालिकाका मेयरहरू र सम्बन्धित सचिव तथा मन्त्रीले पनि सोचिदिने हो भने हाम्रा शहरमा पानीको कमि हुने छैन । गाउँघरमा पोखरीहरू बनाएर जमिनमा पानी रिचार्ज गर्न सकिन्छ । त्यस्तै गरेर रुख बिरुवा प्रसस्तै लगाएर हरियाली बढाउनुको साथै जमिनमा पानी सोस्न सकिन्छ ।

कपनको अर्को समस्या भनेको चखुन्चा खोला मिचेर घर निर्माण गर्नु र ढलको पानी चखुन्चा खोलामा हाल्नु हो । यस्का लागि पुरानो नक्साअनुसार खोलाको पुरानो जमिन छुट्याएर खोलाको दुबैतर्फ ढल हाल्ने । खोलामा दुबै किनारमा रिटेनिङ वाल हालेर सल्याबद्वारा खोलालाई ढाक्न उचित हुनेछ । यो कार्यमा कपन क्षेत्रका वडा अध्यक्ष र महानगरपालिका ६ र ७ वडाको सयुक्त पहल हुनुपर्छ । जुन कार्यको प्रयास जारी छ । शहरी विकास मन्त्रालय र महानगरपालिकाको पनि चखुन्चा खोलाको संरक्षण र नियन्त्रणमा प्रत्यक्ष सहयोग हुन अत्यन्त आवश्यक छ ।

सबैका आशा र भरोसाका केन्द्र बनेका काठमाडौंका मेयर बालेन साहले जनताले सोचेजस्तो कार्य गर्न सकेको देखिएन । यही बूढानीलकण्ठ नगरपालिकाबाट पनि काठमाडौंका मेयर र वडा अध्यक्षले धेरै कुरा सिक्न सक्छन् । साथै ठूला दलबाट मेयरले सहयोग नपाएको मात्र होइन कार्यकर्तालाई दुरुपयोग गरी फोहोर फाल्नसमेत बाधा पुऱ्याएको देखियो । यसमा मेयरको अलिक अपरिपक्कता पनि छ भन्ने सुनिन्छ । कुनै कुनै सल्लाहहरू स्थानिय पुराना अनुभवी मानिसहरूसँग पनि लिनुपर्ने हुन्छ । सबै युवाहरू परिपक्व नहुन सक्छन् । अहिले उनले युवाहरूको मात्र सल्लाह लिने गरेको पनि सुनिन्छ । त्यही भएर सडकपेटीमा व्यवसाय गर्ने साना खुद्रा व्यापारीलाई नगर प्रहरीले हातपात गऱ्यो । जसले गर्दा मेयरको बदनाम भयो । उनीहरूलाई वैकल्पिक स्थान र समय दिन सकिन्थ्यो । सडकमा मकै, तरकारी, बदाम, अमला बेचेर पेट पाल्ने धेरै गरिब नेपाली शहरका सडक गल्लीमा भेटिन्छन् । उनीहरूलाई पनि समय र स्थान छुट्टाएर व्यवस्थित किसिमबाट काम गरेर खान दिनुपर्छ ।

फोहोरलाई तह लगाउने प्रमुख सिद्धान्तमा फोहोरलाई सकेसम्म कम गराउने, पुनः प्रयोग, रिसाइकल गर्ने हो । अहिले उपत्यकाका सड्ने नसड्ने सबै फोहोर एकमुष्ट राखेर सिसडोल र बन्चरेडाँडामा लगिन्छ । त्यो अत्यधिक फोहोर त्यहाँ लगेर पनि कम्पोस्ट बनाउने, डढाउने, रिसाइकल गर्ने कुनै कार्य नगरी फाल्ने मात्र गरिरहँदा त्यो फोहोर फाल्ने ठाउँ दुर्गन्धित हुने र फोहोर फाल्ने ठाउँ पनि चाँडै भरिने हुन्छ । त्यसैले हामीले समस्यामाथि समस्या थपिरहेका छौं । यसको समाधान पहिला प्रत्येक घरबाट थाल्नु पर्छ । त्यसका लागि टेकुबाट या कहींबाट पनि कम्पोस्ट बिन घरघरमा किफायति मूल्यमा उपलब्ध हुनुपर्छ । बाँकी फोहोरलाई रिसाइकल गर्ने व्यवस्था हुन अत्यन्त जरुरत छ । जसबाट सडने फोहोरबाट मल र ग्यांस बनाउन सकिन्छ । यसतर्फ मेयरहरू लाग्नै पर्छ ।

फोहोर फाल्ने कार्य र रिसाइकल गर्ने कार्य कुनै कम्पनीलाई दिन सकिन्छ । महानगरपालिकाभित्र धेरै जनघनत्व भएकोले प्रत्येक वडाले अलग अलग कम्पनिबाट फोहोरको व्यवस्थापन गर्न उचित हुनेछ । यसका लागि वडालाई अधिकार र आवश्यक रकम बिनियोजन गर्न आवश्यक हुन्छ । वडाले गर्न नसक्ने कार्य मात्र नगरपालिका र महानगरपालिकाले गरोस् । यसको लागि आपसी सहयोग र सल्लाह गरेर कार्यक्रम अघि बढाइयोस् । कमसेकम अहिलेको फोहोरी राजनीतिले फोहोरको राजनीति बन्द गरोस् । धेरै नगरपालिकाहरू व्यवस्थित हुँदै फोहोरलाई तह लगाउने कार्यमा सफल भइरहँदा उपत्यकाको खासगरी काठमाडौं महानगरपालिका झनै विकृतितर्फ बढ्नु दुःखलाग्दो बिषय हो । यसतर्फ मेयर तथा वडा अध्यक्षले मात्र होइन शहरी विकास मन्त्री तथा प्रधानमन्त्रीले पनि शिघ्र ध्यान पुऱ्याउन आवश्यक छ ।

## अग्निपथ...

नेपाली युवा भर्ना रोक्न नेपालले आग्रह गरेको हो । यो योजनाले नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा भएको त्रिपक्षीय सम्झौता उलंघन गरेको नेपालले जनाएको छ । यही सम्झौतामा उल्लेख प्रावधान अनुसार नेपालीहरू भारत र बेलायतका सैनिकमा भर्ना हुने गरेका छन्। भर्तीको व्यवस्था सुरक्षित र चुस्त बनाइदिन यी दुई देशले नेपाललाई पत्र पठाउँछन। त्यही पत्र अनुसार नेपाली युवाहरू सेनामा भर्ती हुन्छन्। यही प्रक्रिया पछ्याउँदै यसपटक पनि भारतले नेपाललाई पत्र पठाएको थियो। तर त्यो पत्र स्पष्ट थिएन। त्यसमा पहिलेकै प्रावधान अनुसार भर्ती गर्न लागको हो की अग्निपथ योजना अर्न्तगत भर्ना गर्न लागेको हो भनेर खुलाइएको छैन। अग्निपथ योजनाबारे पत्र स्पष्ट नभएपछि परराष्ट्र मन्त्री खडकाले भारतीय राजदुतलाई बोलाएर हाललाई भर्ना प्रक्रिया स्थगित गर्न भनेका आग्रह गरेका हुन । सन् १९४७ त्रिपक्षीय सम्झौतामा 'सन्तोषजनक कार्यसम्पादन र आचरणको अधीनमा, सबै सैनिकहलाई निवृत्तिभरणको लागि योग्य हुनका लागि पर्याप्त समय सेवा गर्न अनुमति दिनुपर्छ' उल्लेख छ। स्वतन्त्र भारत र बेलायतलाई ब्रिटिश भारत सरकार अन्तर्गत गोर्खा एकाइहरूको संख्या तोक्न भारत र बेलायतसँग छुट्टाछुट्टै सम्झौता भए पनि लामो कार्यकाल र निवृत्तिभरणलगायत सेवाको प्रकृति अपरिवर्तित रहने सहमति भएको थियो ।

## अनधिकृत...

मेयर साहले लन्डन पब र मात्सुरी टोक्यो क्याफेको सामान हटाउन निर्देशन दिए।

यसैगरी, नर्भिक अस्पतालले भाडामा लिएको एक रोपनी आठ आना सरकारी जग्गामा नक्सा पास नगरी घरटहरा बनाएको भन्दै २३ साउनमा २४ घन्टाभित्र हटाउन महानगरले निर्देशन दिएको थियो।

न्युरोड पिपल बोटस्थित नबिल बैंकको शाखा कार्यालय पनि बुधबारबाटै हटाउन महानगरले निर्देशन दिएको छ। पार्किङका लागि बनाएको 'बेसमेन्ट'मा शाखा कार्यालय बनाएको पाएपछि हटाउन निर्देशन दिइएको महानगरअन्तर्गत सहरी व्यवस्थापन विभाग प्रमुख सुरज शाक्यले बताए। महानगरले जिल्ला अदालत काठमाडौंसँग पनि भवनको नक्सा पासको प्रतिलिपि मागेको छ। बेसमेन्ट, सेमी बेसमेन्ट र जमिन तला स्वीकृत नक्साबमोजिम सञ्चालन गर्न महानगरले जारी गरेको ३५ दिने सार्वजनिक सूचनाको म्याद सकिएपछि ६ भदौमा बानेश्वरबाट कारबाही सुरु भएको हो। अन्डरग्राउन्ड पार्किङलाई अरू नै प्रयोजनमा लगाएपछि महानगरले बुधबार बानेश्वरका केही संरचाना भत्काएको थियो।

भवन मापदण्ड ०६४ अनुसार व्यावसायिक सार्वजनिक भवन (तारे होटेल, सिनेमा हल, थिएटर, व्यापारिक कम्प्लेक्स, नर्सिङ होम, पोलिक्लिनिक, सरकारी अर्धसरकारी कार्यालय)का लागि जमिनको २० प्रतिशत भागमा पार्किङको व्यवस्था हुनुपर्छ। स्कुल, क्याम्पसजस्ता शैक्षिक संस्थाका लागि १५ प्रतिशत भाग छोड्नुपर्छ। नक्सा स्वीकृत हुँदा यही मापदण्डका आधारमा भएको हो। महानगरले कोटेश्वर लगायत महानगरभित्रका अनधिकृत रुपमा बनेका सबै संरचनाहरू भत्काउने क्रम जारी राखेको छ । यसलाई केही व्यापारीबाहेक सबैले स्वागत गरेका छन् ।

## संक्रमणकालीन...

र चिन्ता थियो । नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धताबमोजिमको व्यवस्था ऐनमा हुनुपर्ने र त्यसका लागि एमालेको प्रभावकारी र महत्वपूर्ण भूमिका रहोस् भन्ने उनीहरूको भनाइ थियो । एमाले अध्यक्ष ओलीले संक्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण र संशोधनको काम गर्दा संसदको सम्पूर्ण प्रक्रिया पूरा गरेर गर्नुपर्छ भन्ने एमालेको धारणा रहेको बताए । उनले यस्ता महत्वपूर्ण विधेयकहरू छोटो प्रक्रियाबाट पेलपाल गरेर अगाडि बढाउनु न्यायोचित हुँदैन भन्ने मान्यता एमालेको रहेको स्पष्ट पारे । सरकारले यो ऐनलाई संसदबाट फास्टट्र्याक विधि अपनाएर पारित गर्न खोज्दैछ। पीडकलाई उन्मुक्ति दिने गरी विधेयक ल्याइएको भन्दै देशव्यापी रुपमा यसको विरोध भइरहेको छ। पीडितलाई उपेक्षा गरी ल्याइएको यो विधेयकप्रति अन्तर्राष्ट्रिय चासो बढेको छ। विधेयकप्रति मानव अधिकार आयोगले समेत असहमति जनाइसकेको छ ।

## ऋण बढ्दो...

२०२०/२१ मा नेपालले प्राप्त गरेको ऋण सहायता बढेर एक अर्ब १२ करोड ६८ लाख अमेरिकी डलर पुगेको हो। सन् २०२०/२१ मा प्राप्त कुल सहायतामध्ये बजेटरीतर्फ ८४.२९ प्रतिशत र गैरबजेटरीतर्फ १५.७१ प्रतिशत रहेको छ।

गएको आर्थिक वर्ष सन् २०२०/२१ मा एसियाली विकास बैंक (एडिबी)ले नेपाललाई अनुदानको तुलनामा झन्डै सात गुणा बढी ऋण दिएको देखिन्छ। गत वर्ष एडिबीले नेपाललाई दुई करोड ९३ लाख ८८ हजार अमेरिकी डलर अनुदान सहायता दिदा ऋण भने २२ करोड १६ लाख ६६ हजार अमेरिकी डलर दिएको छ। त्यस्तै, सोही वर्ष विश्व बैंकले नेपाललाई अनुदानको तुलनामा ९७ गुणाभन्दा बढी ऋण दिएको देखिन्छ।

विश्व बैंकले नेपाललाई सन् २०२०/२१ मा ८० लाख ८३ हजार अमेरिकी डलरबराबर अनुदान सहायता दिँदा ७८ करोड ६५ लाख २२ हजार डलर ऋण दिएको अर्थ मन्त्रालयको तथ्यांक छ। 'अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रतिवेदनले नेपालको ऋण तिर्न सक्ने क्षमता राम्रो देखाएकाले बहुपक्षीय विकास साझेदारहरूले ऋणको मात्रा बढाए, द्विपक्षीय साझेदारले पनि ऋणको मात्रा नै बढाएका छन् ।

आर्थिक वर्ष २०२०/२१ मा सवैभन्दा बढी अनुदान युरोपियन युनियनबाट १० करोड २५ लाख ६० हजार डलर प्राप्त भएको छ। त्यस्तै, बेलायतबाट चार करोड ४८ लाख , एडिबीबाट दुई करोड ९३, संयुक्त राष्ट्र संघबाट दुई करोड ८९ लाख, जर्मनीबाट दुई करोड २२ लाख र नर्वेबाट दुई करोड १८ लाख मेरिकी डलरबराबर अनुदान सहायता आएको हो। छिमेकी मुलुक चीनबाट नेपालले एक करोड ४० लाख र भारतबाट एक करोड नौ लाख मेरिकी डलर अनुदान प्राप्त गरेको मन्त्रालयको तथ्यांक छ।

सन् २०२०/२१ मा ऋणतर्फ सबैभन्दा बढी विश्व बैंकबाट ७८ करोड ६५ लाख अमेरिकी डलर प्राप्त भएको छ। त्यस्तै, एडिबीबाट २२ करोड १६ लाख अकेरिकी डलर ऋण प्राप्त भएको छ। छिमेकी मुलुक चीनबाट दुई करोड २९ लाख र भारतबाट ६ करोड अमेरिकी डलर ऋण प्राप्त भएको मन्त्रालयको तथ्यांक छ। प्राविधिक सहायतातर्फ सबैभन्दा बढी अमेरिकी सहयोग नियोग (युएसएड)ले नौ करोड ४६ लाख डलर सहयोग गरेको देखिन्छ। त्यस्तै, बेलायतले तीन करोड ९१ लाख, संयुक्त राष्ट्र संघले दुई करोड ७४ लाख, स्विट्जरल्यान्डले ७६ लाख ८२ हजार र कोरियाले ६८ लाख १७ हजार अमेरिकी डलरबराबरको प्राविधिक सहायता गरेको देखिन्छ।

## नागरिकता...

ऐंन-२०६३ को संशोधन विधेयक-२०७९ लाई राष्ट्रपतिले २०७९ साल साउन २९ गते सन्देश-सहित पुनर्विचारको निम्ति प्रतिनिधिसभामा फिर्ता पठाएपछि देशका बहुसंख्यक जनताले त्यसमा रहेका हानीकारक बिषयहरूमा परिवर्तन हुने ठूलो अपेक्षा गरेका थिए । नेकपा (माले) ले पनि २०६३ साल देखि २०४६ चैत मसान्तभित्र नेपालमा जन्मी यहीं स्थायी बसोवास गर्ने विदेशीहरूलाई नेपालको जन्मसिद्ध नागरिकता प्रमाणपत्रको वितरणमा भएको ब्यापक धाँधलीलाई सच्याइने र बैवाहिक आधारमा विदेशी महिलाहरूलाई नेपालको अंगिकृत नागरिकता दिदा कम्तीमा पनि भारतमा पर्खिए जति बर्ष पर्खेर मात्र दिइने गरी पुनर्बिचार हुने आशा बक्तब्य (३० साउन, २०७९) मार्फत ब्यक्त गरेको थियो । तर सत्ताधारी (गठबन्धन) दलका मुट्ठीभरका नेताहरूको लम्पसारवादी नीतिको कारण प्रतिनिधिसभाको बहुमत पक्षले राष्ट्रपतिद्वारा फिर्ता पठाइएको उक्त विधेयकलाई पुनः तस्ताको तस्तै पारित गरी त्यसलाई राष्ट्रिय सभामा पठाएको छ । राष्ट्रियसभाले पनि त्यसरी नै पारित गरेपछि सभामुखले प्रमाणिकरणको निम्ति तत्कालै राष्ट्रपति समक्ष निश्चित रुपमा पठाउने छन् । यो राष्ट्रपति संस्था, संसदीय शिष्टता तथा नेपाली जनताको अनादर र विदेशी गुलामीको नाङ्गो उदाहरण हो ।

अहिले देशवासीको नजर राष्ट्रपतिमा अडिएको छ । राष्ट्रपतिबाट कस्तो निर्णय हुने हो ? नेपालको स्वतन्त्रता एवम् सार्वभौमसत्ता एकापट्टि र देशको फिजीकरण एवम् सिक्कीमीकरण हुने वास्तविक खतरा अर्कोपट्टि उभिएका छन् । नेपालकी छोरी भएको नाताले राष्ट्रपतिले अघिल्लो पक्षलाई नै रोज्ने आशा गर्न सकिन्छ । त्यसो गर्नु भनेको बिना प्रमाणीकरण विधेयकलाई दराजमा थन्काउनु हो । यसो गर्दा विदेशपरस्त नेताहरूले राष्ट्रपतिमाथि महाअभियोग लगाउने धम्की दिन सक्छन् । तर राजीनामा गरी पीठ फर्काउने होइन, चुनौतीको सामना गर्ने हो । राष्ट्रपतिलाई महाअभियोग लगाए, लगाउनेहरू नै बढी नांगिनेछन्; संविधानमा महाअभियोग लगाउना साथ राष्ट्रपति निलम्बित हुने प्रावधान छैन र संसदबाट त्यो पारित हुने त्यहाँ संख्या पुग्दैन ।

नेपालीहरूले २०४६ साल चैत मसान्तभित्र नेपालमा जन्मी यही बसोवास गर्नेहरूलाई दिएको जन्मसिद्ध नागरिकता खोस्ने माग गरेकै होइन । "उच्चस्तरीय नागरिकता छानवीन न्यायिक आयोग" गठन भए पश्चात् त्यसले तिनलाई प्रमाणहरूको आधारमा सदर गर्ने छ । राजनीतिक सहमति र संविधानको दुरुपयोग गरी वितरित र अन्य किर्ते नागरिकता प्रमाणपत्रहरूलाई जाँची बुझी खारेज गर्ने छ । तिनका दोषीहरूलाई विधि अनुसार दण्डित गरिने छ । तव मात्र बैध नागरिकका सन्तानलाई संविधान-कानुन मुताविक नेपाली नागरिकता दिइने छ । उपरोक्त सबै कामहरू अविलम्ब लागु गर्नु पर्छ । भारतले अपनाइ आएको विधि अनुसार नै विदेशी महिलालाई वैवाहिक आधारमा नेपालको अंगीकृत नागरिकता दिने नीति लागु गरिने छ । उपरोक्त दुवै काम गर्दा नेपाल कसरी दोषी हुन सक्छ ? नेपाली जनताका यी माग न्यायपूर्ण, सहमति अनुकुल र भारत सँगको पारस्पारिकतामा आधारित छन् ।

नेकपा (माले) राष्ट्रपतिबाट विवेक र साहसका साथ देश र देशवासीहरूको पक्षमा सुविचारित कदम चालिने हार्दिक अपेक्षा गर्दछ ।'

## नेपाली नर्स...

अर्याल र नेपालका लागि बेलायतका राजदँत निकोला पोलिटले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । लामो समयदेखि प्रतीक्षाको विषय बनेको श्रम समझदारीपश्चात नेपाली स्वास्थ्यकर्मीहरूलाई विधिसम्मत तवरले बेलायतको स्वास्थ्य क्षेत्रको रोजगारीमा सहज संलग्न हुने वातावरण तयार हुने एवं नेपाली स्वास्थ्य क्षेत्रमा संलग्न जनशक्तिको विकासमासमेत मद्दत पुग्ने विश्वास लिइएको छ ।

## कुशे औंसी...

गर्दछन् । जन्म दिने बाबु अस्त भइसकेका छोराछोरीहरू कुशेऔंशीको दिन गोकर्णेश्वरको महादेव मन्दिर, रसुवाको वेत्रावती धाम, तनहुँको देवघाट, विष्णुपादुका र सुनसरीको बराहा क्षेत्र आदि, तीर्थस्थलहरूमा गएर स्नान गरी पितृहरूको नाममा दान, तर्पण तथा श्रद्धा गरी बाबुको सम्झना गर्ने पनि गर्दछन् ।

हिन्दू धर्मशास्त्रले बताए अनुसार मानिसका विविध रुप र प्रकारका बाबुहरू हुन्छन् । खासगरी नेपाली समाजमा ५ प्रकारका बाबुहरूको मान्यता गर्ने गरिन्छ । जस्तै– (१) जन्म दिने बाबु (२) शिक्षा दिने गुरुबाबु (३) कर्म दिने ससुराबाबु (४) मन्त्र दिने धार्मिक बाबु र (५) मीत बाबु आदि ।

उपर्युक्त पाँच प्रकारका बाबुहरू मध्ये आफूलाई जन्म दिने बाबुको सबै भन्दा ठुला बाबु हुन् । किनकि जन्म दिने बाबुले जन्म दिने देखि कर्म दिने अवस्था सम्म आफ्ना छोराछोरीहरूको एथोचित स्याहार-सुसार, खान-पान, आहार-विहार र शिक्षा-दिक्षा, ईत्यादि धर्मकर्महरूको दायित्व वहन गरेका हुन्छन् । यिनै जन्म दिने बाबुको रगतको नाता (DNA) तथा बंसक्रम छोरा, नाति र पनाति हुदै वंसावलीको श्रृङ्खला युगादि-युग सम्म फैलिदै जान्छ । आज समाजमा, जुन कुल, गोत्र, बंस वा सजातीय थरहरू प्रचलित छन्, ती सबै थरहरू प्राचीन कालका कुनै एक पुर्खौली बाबुबाट सुरु भएको नात-सन्तानहरूको क्रमबद्ध श्रृङ्खला हो । ब्राह्मण र क्षेत्रीहरू प्राचीन कालका ऋषि-मुनिका सन्तान भएका हुनाले उनिहरूको कुल गोत्र वा वंशावली पनि त्यहीबाट सुरु भएको देखिन्छ । जस्तै–आत्रेय, अंगिरस र भृगु गोत्र इत्यादि । तर राइ र लिम्बूहरू प्राचीन कालका राजकुलका सन्तान भएको हुनाले उनीहरूको कुल गोत्र वा वंशावली पनि त्यसै अनुरुप लेखिएको पाइन्छ । जस्तै–यलम्बर हाङ, थाक्नीया हाङ, मुरेगन हाङ, माबो हाङ र थिन्दोलुङ हाङ इत्यादि ।

शिक्षा दिने बाबु वा गुरु बाबुलाई धर्मशास्त्रले जन्म दिने बाबु पछिको दोस्रो बाबु वा मानव जीवनको एक महत्वपूर्ण बाबुको रुपमा मान्ने गरिएको छ । त्यसो गर्नुको कारण स्वतः स्पष्ट छ कि शिक्षा विनाको जीवन पशुतुल्य हुन्छ । त्यसकारण मानिसलाई पशुको श्रेणिबाट मानवताको श्रेणिमा उकाल्ने गुरुको आवश्यकता, महत्व र अनिवार्यतालाई कसैले पनि विर्षन मिल्दैन ।

प्राचीन इतिहासमा गुरु भक्तिका केही उदारणीय प्रशंगहरू पनि उल्लेख भएका पाइन्छन् । जस्तै–द्रोणाचार्यलाई गुरुभेटीको लागि एकालब्यले आफ्ना बुढि औंला चढाएका थिए भने अंगुलिमालले मानिसका बुढी औंलाको माला बनाएर लगाएका थिए । नेपालमा गुरु पूर्णिमाको दिन विशेष प्रकारको धार्मिक अनुष्ठानहरू गरेर वा पूजा-आराधना गरेर गुरुले दिएका ज्ञान वा शिक्षा-दिक्षाहरूको स्मरण गर्ने गरिन्छ । गुरु जीवित अवस्थामा भए उसैको पाउमा सेवा ढोग गरी आदर सम्मान गर्ने गरिन्छ । साथै गुरुलाई गुरु-भेटी चढाएर वा नगद रकम, अन्न, बस्र र खानेकुराहरू प्रदान गरेर पुनः थप ज्ञान, शीप र शिक्षा-दिक्षा माग्ने पनि गरिन्छ ।

धर्मशास्त्रहरूमा कर्म दिने ससुरा बाबु, मन्त्र दिने धार्मिक बाबु र मीत बाबुहरूको बारेमा केही कुराहरू पनि उल्लेख भएको पाइन्दैन । मेरो विचारमा यी बाँकी तिन प्रकारका बाबुहरूको पनि समाजमा आफ्नै प्रकारको आवश्यकता र महत्वहरू रहेका छन् । त्यसकारण यी बाबुहरू प्रति पनि समाजले यथोचित सम्मान तथा स्मरण गर्नु आवश्यक छ ।

हिजोआज पश्चिमी सभ्यताको अन्धानुकरण गर्दै नेपालमा आफ्ना बाबुआमालाई सम्मान गर्नुको सट्टा धमाधम बृद्धाश्रममा भर्ना गर्न थालिएको देखिन्छ । यो काम देशका उच्च वर्ग वा श्रेणिका मानिस देखि सर्बसाधारण सबैले गर्न थालेका छन् । यसरी नेपालमा बाबुआमालाई जबरदस्ती ढंगले बृद्धाश्रममा खोरबाखी लाउदा, के सम्मान नै गरेको हुन्छ ? के बाबुआमाको ईच्छा-चाहना विपरित उनिहरूको आँखामा बलिन्द्र आँसु बगीरहँदा होनाहार छोराछारीहरूको चित्त चाँहि बुझेकै हुन्छ ? यो प्रश्नको उत्तर कसले दिन सक्छ ? कुनै मनोबैज्ञानिकले वा धर्माचार्यले ? आज म यस सवालमा ठूलो चिन्तन, मनन् र अन्तरकृयाको आवश्यकता देखिरहेको छु।

पश्चिमी राष्ट्रहरूमा बृद्धाश्रमको सोच कसरी आयो ? यो वास्तवमै चर्चा गर्नुपर्ने विषय हो । यस प्रशङ्गमा भन्नुपर्दा, पश्चिमी मुलुकहरूको सामाजिक ढाँचा पूर्बका मुलुकहरू भन्दा अलिक फरक रहेको देखिन्छ । त्यहाँ बाबुआमाले बच्चा जन्माइ दिनु मात्र पर्छ, त्यपछिका सबै जिम्मेवारी सरकारले लिन्छ । बच्चाको मायाँ लाग्यो भने आमाले चाइल्ड केयर सेण्टरमा गएर आफ्नू बच्चासँग भेटघाट गर्न पाउँछ । बाँकी कुरा खुवाउने, सुताउने, उठाउने वा हगाउने-मुताउने सबै कुरा धाई आमाले गर्छिन् । बाबुआमालाई त हाइसन्चो छ । यस्तो परिस्थितिमा त्यो बच्चा हुर्के पछि कतिले त आफ्ना बाबुआमा नै चिन्दैनन् । भलै, बाबुआमा चिनिहाले पनि बाबुआमाको लाड-प्यार र स्नेहको अनुभूति बच्चाहरूले पाउन सक्तैनन् । त्यसकारण पश्चिमी सभ्याताको सामाजिक अवस्था एक प्रकारले पशु-पन्छीको जीवन जस्तै हुन्छ । नेपालमा जस्तो बाबुआमाबाट छोराछारीहरूले धन, सम्पत्ति र अंस-बण्डा, आदि; केही पाउने कुरा हुदैन । त्यसैगरी बाबुआमा बृद्ध हुँदा छोराछोरीहरूले हेरचाह गर्ने वा पालन-पोष्ण गर्ने कुनै दायित्व वहन गर्नु पनि पर्दैन । सरकारले नै सबै प्रकारका साधन र स्रोतहरूले सम्पन्न भएको बृद्धाश्रम निर्माण गरिदिएको हुन्छ, जहाँ बृद्ध-बृद्धाहरू हाँसी-खुसी रमाइलो मानेर खाने, बस्ने वा जीवन यापन गर्ने गरिरहेका हुन्छन् ।

पश्चिमी मुलुकको तुलनामा नेपालका बृद्धाश्रमहरू अपराधी राख्ने जेल जस्ता रहेका छन् । यहाँका बृद्धाश्रमहरू नत साधन र स्रोतले सम्पन्न छन् नत सामाजिक मनोविज्ञानले बृद्धाश्रमको बसाइलाई सहज मान्ने गरिन्छ । यहाँ त आमाबाबुले छोराछोरीलाई सधैं भरी वा आँखा भरी राख्न चाहान्छन् भने छोराछोरीहरू पनि बाबुआमा बाचुन्जेल उनिहरूकै न्यानो छत्र-छायाँमारहन-बस्न रुचाउछन् । हाम्रो सामाजिक धर्म, परम्परा, संस्कार र संस्कृति नै यस्तो छ । त्यसकारण बाबुआमा र छोराछोरी बीच यस्तो न्यानो माँया-ममता तथा आपसी सत्वभाव रहिआएको अवस्थामा नेपालमा बृद्धाश्रमको आवश्यकता नै किन ? नेपालमा बृद्धाश्रम होइन कि अनाथालय चाँहि आवश्यक होला । जस्को छाराछोरी वा आफन्त कोही छैन, उस्को लागि बृद्धाश्रम आवश्यक हुन सक्तछ । तर जेल जस्तो बृद्धाश्रम होइन कि साधन-स्रोतले सम्पन्न राम्रो र रमाइलो वातारण भएको बृद्धाश्रम ।

नीति शास्त्रले हामीलाई "पितृ देवो भव" भन्ने पाठ सिकाउछ । पितृ देवो भव भनेको बाबुलाई देवता समान मान्नु हो । यो हामी नेपालीहरूको मौलिक धर्म, परम्परा र संस्कृति पनि हो । यस परम्परालाई समाजका हामी सबैले सहज रुपमा पालना गर्दै आएका छौं । हामीले आफ्नो मौलिक धर्म, परम्परा र संस्कृतिहरूलाई चटक्क विर्षेर पराइको धर्म, परम्परा र संस्कार-संस्कृतिहरूको अन्धानुकरण गर्नु किमार्थ हुदैन । त्यसो गर्न थालियो भने हाम्रो मौलिक पहिचान नै गुम्न जान्छ । हाम्रो मौलिक पहिचान गुमेपछि हाम्रो राष्ट्र र राष्ट्रियता पनि गुम्न जान्छ । यी सबै कुराहरू गुमिसके पछि हाम्रो अस्तित्व नै गुम्न पुग्दछ । त्यसकारण आज विश्वका धेरै राष्ट्रहरूले भाषा, धर्म र संस्कृति जस्ता आफ्नो मौलिक पहिचान गराउने विषयवस्तुहरूको संरक्षण गर्नको लागि धेरै ठुलो-ठुलो संघषहरू गर्दै आएका छन् ।

